## पूर्ण इजलास

१

**स.प्र.न्या.श्री खिलराज रेग्मी, मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री गिरीश चन्द्र लाल,** ०६९-WF-००११, बन्दीप्रत्यक्षीकरण, *निर्मलकुमार पाण्डेसमेत वि. जिल्ला प्रशासन कार्यालय, काठमाडौंसमेत*

जिल्ला प्रशासन कार्यालयले निवेदकहरूलाई लेनदेनको विषयको विवादमा तारिखमा राखेउपर निवेदकहरूले ०६९-WO-०३९७ नं. को प्रतिषेधको छुट्टै रिट निवेदन यस अदालतमा दायर गरी विचाराधीन रहेको तथ्य निवेदकतर्फका विद्वान अधिवक्ताबाट बहसको क्रममा यस इजलासमा जानकारी भएको छ। संयुक्त इजलासमा माननीय न्यायाधीशहरूका बीचमा राय बाझिएको विषयमा पूर्ण इजलासबाट निरूपण हुनुपूर्व नै निवेदकले प्रतिषेधको रिट दायर गरी अर्कै उपचारको मार्ग अवलम्बन गरिसकेको पाइयो। लेनदेनसम्बन्धी विवादमा जिल्ला प्रशासन कार्यालय, काठमाडौंले निवेदकहरूलाई हालसम्म तारिखमा राखेको छ, छैन, तारिखमा राखेको भए त्यसरी तारिखमा राख्ने अधिकार जिल्ला प्रशासन कार्यालयलाई छ, छैन वा त्यसरी तारिखमा राखिएको कार्य अधिकारक्षेत्रको अतिक्रमण हो होइन भन्ने कुरा विचाराधीन अवस्थामा रहेको प्रतिषेधको रिट निवेदनबाट नै निरोपण हुने हुन्छ। कुनै निकायबाट भएको कामकारवाहीउपर अधिकारक्षेत्रको त्रुटिसम्बन्धी कानूनी प्रश्न उठाई यस अदालतमा दायर भई संयुक्त इजलासमा विचाराधीन रहेको प्रतिषेधको रिटको विषयमा बन्दीप्रत्यक्षीकरणको रिटमा पूर्ण इजलासबाट विचार गर्न नमिल्ने।

इजलास अधिकृतः शिवप्रसाद खनाल

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०६९ साल माघ १८ गते रोज ५ शुभम्।

२

**मा.न्या. श्री गिरीश चन्द्र लाल, मा.न्या. श्री प्रकाश वस्ती र मा.न्या. श्री वैद्यनाथ उपाध्याय,** रिट नं. ०६९-WF-०००८, उत्प्रेषण परमादेश, *चतुर्भुज भट्टसमेत वि. कृषि सामग्री कम्पनी लिमिटेड कुलेश्वरसमेत*

प्राकृतिक व्यक्तिले अवकाश लिएको अवस्थामा निजलाई दिइने भुक्तानीसमेतलाई अवकाश भुक्तानीको परिभाषाअन्तर्गत समेटिएको देखिन्छ। सो परिभाषाले अवकाश लिँदा पाउने विभिन्न शीर्षकहरूको रकमलाई वर्गीकरण नगरी कुनै पनि प्राकृतिक व्यक्तिले अवकाश लिँदा भुक्तानी पाएको सम्पूर्ण रकमलाई गोश्वारा रूपमा अवकाश भुक्तानीको परिभाषाअन्तर्गत समेटेको देखियो। यस्तो अवस्थामा कानूनले नै अवकाश लिँदा दिइने भुक्तानी, अवकाश भुक्तानी हो भनी स्पष्ट रूपमा परिभाषित गरेपछि त्यसमा बलपूर्वक व्याख्या गरिरहनु पर्ने स्थिति हुँदैन। त्यसमा पनि उक्त अतिरिक्त सहुलियत अवकाश लिएको कारणबाटै दिइएको र प्राप्त गरिएको भन्ने तथ्यमा विवाद छैन। अवकाश नलिने कर्मचारीलाई सो शीर्षकबाट त्यसरी रकम भुक्तानी नदिइएको र दिन सम्भव नहुने हुँदा सहुलियत वा अतिरिक्त सहुलियत जुनसुकै नामबाट दिइएको भए पनि निवेदकहरूले कम्पनीको सेवाबाट अवकाश लिएको एकमात्र कारणबाट त्यस्तो सुविधा दिइएकोले त्यस्तो रकम अवकाश भुक्तानीअन्तर्गत नै पर्ने।

आयकर ऐन, २०५८ को दफा ५ मा करयोग्य आय र आयका शीर्षकहरूको वर्गीकरण गरेको देखिन्छ। उक्त दफामा अन्य कुराका अतिरिक्त व्यवसाय, रोजगारी र लगानीसमेतमा कर लाग्ने कुरा उल्लेख भएको पाइएकोले रोजगारीबाट प्राप्त गर्ने आयमा कर लाग्ने रहेछ भन्ने कुरामा विवाद देखिँदैन। तर, दफा १२ र ६३ बमोजिम दावी गरिएको रकम घटाउनु पर्ने भन्ने दफा ५ को व्यवस्था भएकोले ती दफाहरूसमेत दृष्टिगत गर्नुपर्ने हुन्छ। दफा १२ मा कर छूट पाएका संस्थाहरूलाई

दिइएको चन्दा उपहारको विषय उल्लेख भएको देखिएकोले सो दफा प्रस्तुत सन्दर्भमा आकर्षित हुने देखिँदैन । त्यसै गरी दफा ६३ मा अवकाश कोषको स्वीकृति, त्यस्तो कोषमा जम्मा गरिने अवकाश योगदान करयोग्य आयबाट घटाउन पाउने र त्यसको सीमालगायतका विषय समेटिएका देखिन्छन् । प्रस्तुत विषय अवकाश भुक्तानीसँग सम्बन्धित देखिए पनि स्वीकृत अवकाश कोषबाट भुक्तानी पाउने अवकाश योगदानको रकम हो भन्ने नदेखिएकोले उक्त दफासमेत आकर्षित हुने देखिँदैन । यसरी नै दफा ६४ ले पनि अवकाश कोषमा रहेको रकमका सम्बन्धमा आय गणना वा कर कट्टी गर्ने प्रक्रियाका सम्बन्धमा व्यवस्था गरेको देखिएकोले उक्त कानूनी व्यवस्थासमेत निवेदकहरूका सन्दर्भमा आकर्षित नहुने ।

आयकर ऐन, २०५८ को दफा ८८(१) मा उल्लेख भएका १५ प्रतिशत कर कट्टी गरिने अन्य शीर्षकहरू प्रस्तुत सन्दर्भमा सान्दर्भिक छैनन् । कर कट्टी हुनुपर्ने भनी उल्लेख गरिएको अवकाश भुक्तानीको रकम भुक्तानी गर्दा भन्ने वाक्यांशसमेत उक्त दफामा परेको देखिएबाट अवकाश भुक्तानी गरिएको कुल भुक्तानी रकममा १५ प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने रहेछ भन्ने स्पष्ट देखिन आउने ।

सामान्यतः आय गरिन्छ भने त्यसमा कानूनबमोजिम कर लाग्दछ भन्ने कुराको अनुमान गरिनु पर्दछ । त्यसमा पनि कर लाग्ने र नलाग्ने भन्ने कुरामा कानूनमा भएका दुई व्यवस्थाबीच असामाञ्जस्यता देखिन्छ भने अन्यथा प्रमाणित नभएसम्म कर लाग्दछ भन्ने व्यवस्थाको पक्षमा अनुमान गर्नुपर्ने ।

यस्तै बिषय समावेश भएको निवेदक ज्ञानबहादुर चौधरी विरूद्ध कृषि सामग्री कम्पनी लि. समेत भएको २०६६-WO-०३३३ को उत्प्रेषणयुक्त परमादेशको रिट निवेदनमा निवेदकले स्वेच्छिक अवकाश लिँदा प्राप्त गरेको थप सुविधाबापतको रकममा आयकर ऐन, २०५८ को दफा ८८(१) अन्तर्गत नै पर्ने देखिएकोले प्रचलित कानूनको परिधिभित्रै बसेर विपक्षी निकायले १५ प्रतिशत कर कट्टी गरेको कानूनसम्मत् देखिएकोले रिट निवेदन खारेज हुने भनी गरिएको व्याख्या नै उक्त ऐनको मर्म र भावनाअनुरूप देखिएकोले उक्त मुद्दामा गरिएको व्याख्या नै कायम हुने ।

अवकाश भुक्तानी गर्दा छूट पाउने वा स्वीकृत अवकाश कोष वा स्वीकृत नभएको अवकाश कोषबाट दिइने भुक्तानीमा कानूनले तोकेबमोजिम कर लगाउने वा कट्टी गर्ने विषयहरू बाहेकको अवकाश भुक्तानीमा दफा ८८ (१) बमोजिम पन्ध्र प्रतिशत कर कट्टी गर्नुपर्ने भन्ने कुरा स्पष्ट भएको हुँदा निवेदकहरूलाई स्वेच्छिक अवकाश लिँदा दिइएको अतिरिक्त सहुलियत भुक्तानीमा सोहीअनुरूप कर कट्टी गरेको विपक्षीको निर्णय कानूनसम्मत् नै देखिने ।

इजलास अधिकृतः नारायण सुवेदी

इति संवत् २०७० साल वैशाख १२ गते रोज ५ शुभम् ।

## विशेष इजलास

**मा.न्या.श्री कल्याण श्रेष्ठ, मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** रिट नं. २०६८-WS-००४६, उत्प्रेषणसमेत, *महिला कानून र विकास मञ्चको तर्फबाट अख्तियारप्राप्त अधिवक्ता मीरा ढुङ्गानासमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

मानव बेचबिखन तथा ओसारपसारको अपराधबाट पीडित व्यक्तिलाई ऐनको दफा १७ बमोजिम भराई दिने ठहर भएको क्षतिपूर्ति रकम भराउने प्रक्रियामा राज्यको संयन्त्रबाट सहयोग र पहल नहुने हो भने यस्ता अपराधबाट पीडितले न्यायको महसूस गर्नसक्ने अवस्था रहँदैन । त्यस्तै ऐनको दफा २६ बमोजिम पीडितलाई पर्याप्त सुरक्षा प्रदान गरिनु पनि उत्तिकै आवश्यक छ । यी समग्र व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयनबाट मात्रै मानव

बेचबिखन तथा ओसारपसारको अपराधबाट पीडित व्यक्तिले ऐनको दफा १५ को उपदफा (६) बमोजिम अदालतले बोलाएको समयमा उपस्थित भई न्यायिक प्रक्रियालाई सहयोग गर्न समर्थ हुन्छ। त्यसैकारण निवेदकले वैधताको प्रश्न उठाएको उक्त दफा १५ को उपदफा (६) को कानूनी व्यवस्थालाई केवल पीडित व्यक्ति वा जाहेरवालाको एकपक्षीय कर्तव्यको रूपमा थुपारी त्यसको उल्लङ्घनबापत निरपेक्ष कैदको सजाय गर्नुपर्ने गरी बाध्यात्मक व्यवस्था गर्ने उक्त प्रावधानलाई उचित र विवेकसम्मत मान्न नसकिने।

अघि आफूले दिएको बयान वा सूचनाको आधारमा कसैका विरूद्ध कारवाही चलाइएकोमा सत्य तथ्य ढाँटी नियतवस अर्को बयान दिएमा वा पहिलेको बयान परिवर्तन गरेमा वा सो गर्ने नियतले अदालतले बोलाएको समयमा अनुपस्थित भई न्यायिक प्रक्रियालाई असहयोग गरेमा त्यस्तो व्यक्तिलाई मात्रै केन्द्रित गरी दण्डको प्रावधान हुनु पर्नेमा सो नभई जस्तोसुकै परिस्थिति वा कारण परी पहिले दिएको बयानको विपरीत हुने गरी पछि बयान दिएमा वा अदाललतले बोलाएको समयमा समेत उपस्थित हुन नसकेमा समेत अनिवार्य दण्डको भागीदार बनाउने कानूनी व्यवस्थाको आवश्यक पुनरालोकन र सुधार हुनु अनिवार्य देखिएको छ। तसर्थ, मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५ को उपदफा (६) को कानूनी व्यवस्था तथा निवेदकले प्रस्तुत रिट निवेदनमा उठाइएका अन्य विषयहरू समेतलाई सम्बोधन हुने गरी देहायबमोजिम गर्नु गराउनू भनी विपक्षी नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेतका नाउँमा यो निर्देशनात्मक आदेश जारी हुने।

१. मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५ को उपदफा (६) को वर्तमान कानूनी व्यवस्थामा आवश्यक पुनरालोकन र संशोधन गरी पहिले आफूले दिएको बयान वा सूचनाका आधारमा कसैका विरूद्ध कारवाही चलाएपछि सत्य तथ्य ढाँटी वा नियतवस पछिबाट बयान परिवर्तन गर्ने वा त्यस्तो नियतले अदालतले बोलाएको समयमा अनुपस्थित हुने वा अदालतलाई सहयोग नगर्ने व्यक्तिलाई कैद सजाय गर्ने गरी कानूनी व्यवस्था गर्नू।
२. मानव बेचबिखन तथा ओसारपासरसम्बन्धी मुद्दाको अपराधबाट पीडित व्यक्तिलाई सो अपराधसम्बन्धी अनुसन्धानको बारेमा सम्बन्धित प्रहरी कार्यालयले र अभियोजनको बारेमा अभियोगपत्रको प्रतिलिपि तथा अदालतबाट भएको निर्णयको बारेमा फैसलाको प्रतिलिपि समेत राखी सम्बन्धित सरकारी वकील कार्यालयले अनिवार्य रूपमा पीडितलाई जानकारी गराउने व्यवस्था गर्नू, गराउनू।
३. मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १७ बमोजिम अदालतको फैसलाबाट पीडितलाई क्षतिपूर्ति भराइदिने ठहर भएको रकमको लागि अविलम्ब छुट्टै क्षतिपूर्ति कोष खडा गरी सो कोषको लागि आवश्यक रकमसमेत आ.व. २०७०/०७१ को बजेटमा अनिवार्य रूपमा विनियोजन गर्नू साथै सम्बन्धित प्रहरी कार्यायले समेत सक्रिय पहल गरी पीडितलाई सो क्षतिपूर्ति रकम भराई दिने व्यवस्था गर्नू, गराउनू।
४. मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ अन्तर्गतको मुद्दा तथा अन्य सरकारवादी फौजदारी मुद्दामा सरकारी पक्षको साक्षीलाई अदालतमा उपस्थित गराउँदा लाग्ने खर्चबापत आगामी आर्थिक वर्ष २०७०/०७१ को बजेटमा अनिवार्य रूपमा रकम विनियोजन गरी

त्यस्ता साक्षीलाई सम्बन्धित प्रहरी कार्यालयमार्फत् सो रकम उपलब्ध गराउनू ।

५. सरकारी पक्षको साक्षीले प्राप्त गर्ने खर्च रकम निज अदालतमा उपस्थित हुनुअगावै निजलाई भुक्तानी दिई सोको भरपाईसहित सम्बन्धित मुद्दा विचाराधीन रहेको अदालतमा त्यस्तो साक्षीलाई उपस्थित गराउने व्यवस्था गर्नू, गराउनू ।

६. मानव बेचबिखन तथा ओसारपसार ( नियन्त्रण) ऐन, २०६४ को दफा २६ बमोजिम पीडित वा उजूर गर्ने व्यक्तिले माग गरेको अवस्थामा सुरक्षाको लागि आवश्यक व्यवस्था गरी सम्बन्धित प्रहरी कार्यालयमार्फत् त्यस्तो व्यक्तिको सुरक्षा गर्नू, गराउनू ।

इजलास अधिकृतः विदुर कोइराला

कम्प्युटरः मुकुन्द विष्ट, विकेश गुरागाईं

इति संवत् २०७० साल बैशाख १९ गते रोज ५ शुभम् ।

## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री दामोदरप्रसाद शर्मा,** ०६७-WO-०९६८, उत्प्रेषणयुक्त परमादेश, *लेखराज भट्टसमेत वि. मालपोत कार्यालय, कैलालीसमेत*

अदालतका फैसला अक्षरशः पालना गर्नुपर्ने भनी एकातर्फ सर्वोच्च अदालतबाट *नेकाप* २०४८ अङ्क २, नि.नं. ४२७३, पृष्ठ १२७ मा सिद्धान्त कायम भएको छ भने अर्कोतर्फ कार्यालयले एक पटक गरिसकेको निर्णयलाई सोही कार्यालयको समान हैसियतको कर्मचारीले त्यो निर्णय बदर गर्न नपाउने भनी *नेकाप,* २०५० अङ्क ४ नि.नं. ४७३२, पृष्ठ २८८ मा सिद्धान्त प्रतिपादन भएको देखिन्छ । तसर्थ, यस अदालत र पुनरावेदन अदालतलगायतबाट पटकपटक यसै विषयमा मुद्दा परी फैसला भैसकेको अवस्था देखिन्छ । सो फैसलाउपर विपक्षीले कुनै चुनौतीसमेत दिएको देखिन आउँदैन । यस्तो अवस्थामा विपक्षी मालपोत कार्यालय तथा सुकुम्बासी समस्या समाधान आयोगबाट अदालतले सो फैसलालाई अनदेखा गरी निर्णय नगरी आलटाल गरी बस्न नमिल्ने ।

सुकुम्बासी समस्या समाधान आयोगको गठन र विघटनको कुनै सीमा नै छैन । सो आदेश कहिले अस्तित्वमा हुन्छ, कहिले हुँदैन । यसको कार्यक्षेत्र, कार्य प्रकृति र अस्तित्त्व स्थायी प्रकृतिको नभई अस्थायी प्रकृतिको देखिन्छ । यसरी हाल अस्तित्त्वमा नै नरहेको सुकुम्बासी समस्या समाधान आयोगले व्यक्तिको सम्पत्तिसम्बन्धी हकमा आघात पर्ने गरी अनिश्चित समयसम्म बिनाआधार र कारण जग्गा दर्तासम्बन्धी कार्य स्थगित गर्नु भनी लेखेको पत्रलाई न्यायको रोहमा उचित मान्न नसकिने ।

निवेदकको साविक प्रमाण र अदालतको फैसलाबाट निवेदन दावीको जग्गा दर्ता हुने हो होइन कानूनबमोजिम निर्णय गर्नुपर्नेमा जग्गा दर्तासम्बन्धी कामकारवाही अनन्तकालसम्म रोक्का राख्ने गरी भूमिसुधार तथा व्यवस्था मन्त्रालय एवं सुकुम्बासी समस्या समाधान आयोगको मिति २०६७।२।१ को पत्रको आधारमा मिति २०६७।२।१७ मा सुकुम्बासी समस्या समाधान आयोग जिल्ला समिति कैलालीले लेखेको पत्र गैरकानूनी देखिँदा उत्प्रेषणको आदेशले बदर हुने ।

निवेदकले दर्ता गरिपाऊँ भनी दावी गरेको जग्गा निवेदकको साविक प्रमाण र अदालतको पूर्व फैसलाबमोजिम निवेदकको नाममा दर्ता हुने नहुने के हो सो सम्बन्धमा प्रचलित कानूनबमोजिम आवश्यक जो जे बुझ्नुपर्ने हो बुझी यो आदेश प्राप्त गरेको मितिले ३ महिनाभित्र कानूनबमोजिम निर्णय गर्नु भनी विपक्षी मालपोत कार्यालय, कैलालीको नाउँमा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः कमलराज विष्ट

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६९ साल माघ ८ गते रोज २ शुभम् ।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार आदेश भएका छन्:

- ०६७-WO-०९६९, उत्प्रेषणयुक्त परमादेश, *भिखु डगौरा थारूसमेत वि. मालपोत कार्यालय, कैलालीसमेत*
- ०६५-WO-०९८९, उत्प्रेषणयुक्त परमादेश, *जनकबहादुर चौधरीसमेत वि. मालपोत कार्यालय, कैलाली*
- ०६५-WO-०९९०, उत्प्रेषणयुक्त परमादेश, *लेखराज भट्टसमेत वि. मालपोत कार्यालय, कैलाली*

२

**स.प्र..न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री सुशीला कार्की,** ०६९-WH-००४४, बन्दीप्रत्यक्षीकरण, *सेवाराम वि. पूर्वाञ्चल क्षेत्रीय प्रशासन कार्यालयसमेत*

रिट निवेदनमा उल्लेख गरिएका धरमन्ती लगायतका सबै ६४ जना श्रमिकसमेतका व्यक्तिहरू सिरहा जिल्ला बेलहाकट्टी गाउँ स्थित ॐ अङ्कित ईंटा उत्पादन गर्ने इटाभट्टाबाट बन्धक मुक्त भई आफ्नो देश भारत पुनरागमन गरिसकेको तथ्य जाँचबुझ अधिकृतको रूपमा रहेको सिराह जिल्ला अदालतका स्रेस्तेदारको प्रतिवेदनबाट पुष्टि भएको छ । निवेदकले रिट निवेदनमा उल्लेख गरेका ६४ जना श्रमिकसमेतका व्यक्तिहरूलाई विपक्षी ईंटाभट्टा सञ्चालकहरूबाट बन्दी बनाएकोले उक्त बन्दी अवस्थाबाट मुक्त गर्न बन्दीप्रत्यक्षीकरणको आदेश जारीको माग गरेकोमा यस अदालतको पूर्व आदेशानुसार हाल निवेदनमा उल्लिखित सबै बन्दीहरू बन्धक मुक्त भैसकेको पुष्टि भएको हुँदा निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिरहनु पर्ने अवस्थाको विद्यमानता देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

श्रम ऐन, २०४८ को दफा ६६ मा कारखाना निरीक्षक एवं प्रमुख कारखाना निरीक्षकको नियुक्तिसम्बन्धी व्यवस्था भएको र दफा ६७ मा र श्रम नियमावली, २०५० को नियम ५४ मा कारखाना निरीक्षकको अधिकारसमेत तोकिदिएको छ । वस्तुतः कारखाना निरीक्षकको नियुक्ति गरी ईंटाभट्टालगायतका कारखानाहरूमा कामदारहरूलाई श्रमसम्बन्धी कानूनबमोजिम काममा लगाइएको छ छैन भन्नेसम्बन्धमा कारखाना निरीक्षकबाट नियमित अनुगमन तथा निरीक्षण गरी कानूनप्रतिकूलको कार्य भएको अवस्थामा तत्काल आवश्यक कारवाही हुन सकेमा विपक्षी ॐ अङ्कित ईंटा उत्पादन गर्ने ईंटाभट्टामा भएजस्ता गैरकानूनी कार्यमा नियन्त्रण हुनसक्ने हुन्छ । जो आवश्यक र राज्यको दायित्वको विषय पनि हो । तसर्थ, श्रम ऐन, २०४८ को दफा ६६ बमोजिम कारखाना निरीक्षकको नियुक्ति हालसम्म भएको छ, छैन नियुक्ति नभएको भए यथाशीघ्र नियुक्ति गर्ने र नियुक्ति भैसकेको भए पनि कारखाना निरीक्षकबाट ईंटाभट्टालगायतका कारखानाहरूमा श्रम ऐन, २०४८ को दफा ६७ एवं श्रम नियमावली, २०५० को नियम ५४ मा उल्लिखित विषयहरूका अतिरिक्त श्रमसम्बन्धी अन्य प्रचलित कानूनको पालना भए नभए सम्बन्धमा प्रभावकारी रूपमा नियमित अनुगमन तथा निरीक्षण गरी गराई श्रमसम्बन्धी कानूनको उल्लङ्घन भएको पाइएमा आवश्यक कारवाही गर्नु गराउनु भनी नेपाल सरकार श्रम तथा रोजगार मन्त्रालयका नाममा निर्देशनात्मक आदेश जारी हुने ।

इजलास अधिकृतः शिवप्रसाद खनाल
कम्प्युटरः चन्द्रा तिमल्सेना
इति संवत् २०६९ साल माघ १९ गते रोज ६ शुभम् ।

३

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री गिरीश चन्द्र लाल, फौ.पु.नं.** ०६८-RC-००९३, कर्तव्य ज्यान, *नेपाल सरकार वि. जोगी भन्ने जोगेन्द्र मण्डल*

प्रतिवादीमध्येका जोगी भन्ने जोगेन्द्र मण्डलको अधिकारप्राप्त अधिकारीसमक्षको बयान व्यहोरालाई घटनास्थल तथा लास जाँच मुचुल्का,

वारदातबाट पीडित जाहेरवाला नीलमदेवी मण्डलले अदालतसमक्ष उपस्थित भई गरेको बकपत्र, मौकामा कागज गर्ने व्यक्तिहरूको कथन, पीडित घाइतेहरूको घा जाँच केश फाराम, शव परीक्षण प्रतिवेदन समेतका प्रमाणहरूले समर्थन गरेबाट निज जोगेन्द्र मण्डलको कर्तव्यबाट नै किशनलाल मण्डलको मृत्यु भएको भन्ने तथ्य पुष्टि हुन आएको छ । तसर्थ निज प्रतिवादी जोगी भन्ने जोगेन्द्र मण्डललाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ।

जिल्ला अदालतले यी प्रतिवादीलाई अदालती बन्दोबस्तको १८८ नं. बमोजिम वारदातको स्थिति, मुद्दाको प्रकृति र जाहेरवालाले अदालतमा गरेको बकपत्र समेतलाई आधार बनाएर १० (दश) वर्ष कैदको सजाय हुनुपर्ने भनी राय व्यक्त भएकोमा पुनरावेदन अदालतले त्यसतर्फ प्रवेश गरी विवेचना गरेको पाइँदैन । तर, त्यसरी शुरू अदालतबाट राय व्यक्त भैसकेको परिप्रेक्ष्यमा अदालती बन्दोबस्तको १८८ नं. को प्रयोग गरी कम सजाय हुनुपर्ने अवस्थाको विद्यमानता भए नभएको सम्बन्धमा हेर्नु वाञ्छनीय हुने ।

एक पटक जोखिमी हतियारको प्रयोगबाट गम्भीर रूपमा घाइते भएका र भाग्दै गएर आफ्नो घरमा लुकेका निहत्था व्यक्तिलाई घरबाट बाहिर निकाली पुनः आक्रमण गरेर मृत्युवरणको अवस्थामा पुऱ्याउने क्रिया स्वयंमा अत्यन्त क्रूर प्रकृतिको देखिन्छ । त्यसरी क्रूरतापूर्वक हत्या गरेको र अपराध हुँदाको समग्र घटनाक्रमलाई हेर्दा पनि कम सजाय हुनुपर्ने प्रकृतिको नदेखिएको हुँदा त्यस्तोमा मुलुकी ऐन, अदालती बन्दोबस्तको १८८ नं. आकर्षित हुन नसक्ने हुँदा यी प्रतिवादी जोगेन्द्र मण्डललाई सर्वस्वसहित जन्मकैदको सजाय हुने ।

इजलास अधिकृतः उमेश कोइराला

कम्प्युटरः विकेश गुरागाईं

इति संवत् २०६९ साल चैत १६ गते रोज ६ शुभम् ।

४

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री गिरीश चन्द्र लाल,** फौ.पु.नं. ०६९-RC-००१२, कर्तव्य ज्यान, *नेपाल सरकार वि. टुकबहादुर भन्ने वसन्तबहादुर राना*

प्रतिवादी अदालतसमक्ष कसूर गरेको कुरामा इन्कार रहे पनि मृतकलाई प्रतिवादीको घरमा गएको देख्ने व्यक्तिहरूले गरिदिएको कागजलाई भने निजले अन्यथा भन्न सकेका छैनन् । प्रतिवादीले जाहेरवाला, मौकामा कागज गर्ने व्यक्तिहरू र मृतकलाई समेत चिनेको छैन भनी गरेको बयान आफैँमा पत्यारलायक देखिँदैन । ती व्यक्तिहरूसँग आफ्नो कुनै रिसइवीसमेत नरहेको भन्ने प्रतिवादीकै कथनलाई आधार बनाउँदा पनि त्यसरी कुनै रिसइवी नभएका व्यक्तिहरूले निजलाई किटानीसाथ कसूरदार भन्नुपर्ने अवस्था देखिन आउँदैन । निजले अनुसन्धानका क्रममा गरेको बयान व्यहोरामा परेको आफ्नो ल्याप्चे सहीछापलाई अन्यथा भन्न सकेको र सो बयान स्वेच्छाले नभएको भन्ने जिकीर लिन सकेको पनि पाइँदैन । अदालतसमक्ष इन्कारी बयान दिएकै भरमा किटानी जाहेरी, घटनास्थल तथा लास जाँच मुचुल्का, प्रतिवादीले मौकामा गरेको बयान, मौकामा कागज गर्ने व्यक्तिहरूको कथन र निजहरूले अदालतमा उपस्थित भई गरिदिएको बकपत्रसमेतका प्रमाणहरू निरर्थक हुन जाने अवस्था हुँदैन । अभियोग दावीका विषय ती प्रमाणहरूबाट समर्थित भएको हुँदा यी प्रतिवादी टुकबहादुर भन्ने वसन्तबहादुर राना र डण्डपाणि पौडेलका बीचमा विवाद भएको र दुबैजना झगडा गर्दै जङ्गलको बीचमा पुगेको अवस्थामा प्रतिवादीले छाडेको चोटबाट मृतक डण्डपाणि पौडेलको मृत्यु भएको भन्ने तथ्य निर्विवाद रूपमा पुष्टि हुन आएको हुँदा प्रतिवादीलाई अभियोग दावीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. को कसूर अपराधमा सर्वस्वसहित जन्मकैदको सजाय हुने ।

घटनाको प्रकृति, अपराध हुँदाको अवस्था र प्रतिवादीको उमेर समेतलाई विचार गर्दा निजलाई

ज्यानसम्बन्धीको १३(३) नं. बमोजिमको सर्वस्वसहित जन्मकैदको सजाय गर्दा चर्को पर्न जाने देखिएको हुँदा प्रतिवादी टुकबहादुर भन्ने वसन्तबहादुर रानालाई अदालती बन्दोबस्तको १८८ नं. बमोजिम ५ (पाँच) वर्ष कैदको सजाय हुने ।

इजलास अधिकृतः उमेश कोइराला

कम्प्युटरः मुकुन्द बिष्ट

इति संवत् २०६९ साल चैत १६ गते रोज ६ शुभम् ।

५

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री गिरीश चन्द्र लाल,** फौ.पु.नं. ०६८-RC-०१०१, कर्तव्य ज्यान, *नेपाल सरकार वि. गोपी गाहा*

लोग्ने विदेशमा भएको समयमा अपरिचित व्यक्तिले प्रलोभनमा पारी करणी गरेको कारणबाट अनिच्छित गर्भधारण गरेको अवस्था देखिएको छ । त्यसरी बच्चा जन्मेको अवस्थामा निजका प्रति समाजले गर्ने व्यवहार, लोकलज्जा र बच्चाको पालनपोषणको जिम्मेवारीसमेतका अनगिन्ती पारिवारिक, सामाजिक एवं आर्थिक कठिनाइहरूको सामना गर्नुपर्ने भयग्रस्त मानसिकताको उपजका रूपमा सो घटना घटेको भन्ने स्वाभाविक अनुमान गर्न सकिने अवस्था रहेको छ । तत्कालै ती सम्पूर्ण परिस्थितिहरूको सामना गर्नुपर्ने भएकोले प्रतिवादी मानसिक रूपमा तनावग्रस्त हुनुका साथै विक्षिप्त हुन पुगेको अवस्थामा जन्मेको बच्चालाई घाँटी थिची मारी घटनालाई दबाउन चर्पीको खाल्डोमा गाडी अपरिचित व्यक्तिसँगको करणीपछिका सम्पूर्ण घटनाहरूबाट सदाका लागि मुक्त हुने मनोभावसहित उक्त घटना घट्न गएको भन्ने देखिएको हुँदा निज प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद गर्दा चर्को पर्न जाने निष्कर्षमा यो इजलास पुगेको छ । तसर्थ निज प्रतिवादी गोपी गाहालाई अ.बं. १८८ नं. बमोजिम ५ (पाँच) वर्ष कैदको सजाय हुने ।

इजलास अधिकृतः उमेश कोइराला

इति संवत् २०६९ साल चैत १६ गते रोज ६ शुभम् ।

६

**स.का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री गिरीश चन्द्र लाल,** फौ.पु.नं. ०६९-RC-००२४, कर्तव्य ज्यान, *नेपाल सरकार वि. लक्ष्मण वि.क.*

लास जाँच मुचुल्कामा मृतकको नाकेडाँडीमा छाला खुइलिएको, टाउकोको दायाँतर्फको कानमाथि थिच्चिएको र टाउकोको बीच भागमा टाँका लगाएको ठूलो चोट रहेको भनी चोटको विवरण खुलाइएको पाइन्छ । शव परीक्षण प्रतिवेदनमा पनि घाउ चोटको अवस्था स्पष्ट गरी Severe head injury टाउकोमा गम्भीर चोटको कारणबाट मृत्यु भएको भनिएको छ । घटनास्थलबाट रगत लागेको कोदालो बरामद भएको छ भने प्रतिवादीले सोही कोदालोले प्रहार गरेको हुँ भनी सनाखतसमेत गरिदिएका छन् । वस्तुस्थिति मुचुल्काका व्यक्तिहरूले मृतकलाई प्रतिवादीले कोदालोले टाउकोमा हानी ढलाएकोले उपचारको लागि स्वास्थ्य चौकीमा लग्दा उपचार हुन नसकेपछि पोखरा लगि उपचार गराउँदागराउँदै निजको मृत्यु भएको भनी लेखाइदिएका छन् । वस्तुस्थिति मुचुल्काका व्यक्ति राम वि.क. र जाहेरवालाले अदालतसमक्ष उपस्थित भै गरेको बकपत्रमा पनि वस्तुस्थिति मुचुल्का र जाहेरी व्यहोरालाई पुनरपुष्टि गरिदिएका छन् । प्रतिवादीको बयान व्यहोरालाई अन्य स्वतन्त्र प्रमाणहरूले पनि समर्थन गरिरहेको हुँदा प्रतिवादी लक्ष्मण वि.क.ले मृतकको टाउकोमा कोदालोले प्रहार गरी लागेको चोटबाट मृतक धनबहादुर वि.क.को मृत्यु भएको भन्ने कुरा निर्विवाद रूपमा पुष्टि हुँदा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. को कसूर अपराधमा सर्वस्वसहित जन्मकैदको सजाय हुने ।

मृतकलाई हानी घाइते बनाएपछि पश्चाताप् गरी आफू स्वयंलाई पनि प्रहार गरेको, पहिलेदेखि नै मृतकलाई मार्ने मनसायका साथ योजना बनाई प्रहार गरेको भन्ने पनि नदेखिएको र न्यायिक प्रक्रियामा सहयोग पुऱ्याएको अवस्था समेतलाई दृष्टिगत गर्दा निज प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको

१३(१) नं बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गरिएमा चर्को पर्न जाने निष्कर्षमा यो इजलास पुगेको छ । तसर्थ निज प्रतिवादी लक्ष्मण वि.क. लाई अ.बं. १८८ नं. बमोजिम १० (दश) वर्ष कैदको सजाय हुने ।

इजलास अधिकृतः उमेश कोइराला
कम्प्युटरः मुकुन्द विष्ट
इति संवत् २०६९ साल चैत १६ गते रोज ६ शुभम् ।

७

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री गिरीश चन्द्र लाल,** रिट नं. २०६९-WH-००४८, बन्दीप्रत्यक्षीकरण, *युनुश अन्सारीको हकमा सलमा खातुन वि. कारागार कार्यालय, जगन्नाथ देवल, काठमाडौंसमेत*

निवेदकले काठमाडौं जिल्ला अदालतको मिति २०६९।३।२१ को फैसलाहरू माथि पुनरावेदन अदालत, पाटनसमक्ष पुनरावेदन गरेको र उक्त फैसलामाथि नेपाल सरकारको पुनरावेदन परेको नदेखिएको अवस्थामा सो मुद्दाहरूमा पुनरावेदन अदालतबाट फैसला हुँदा वा अन्य प्रकारले टुङ्गो लाग्ने अवस्थामा सोहीअनुसार हुने भए पनि हाल भैरहेको काठमाडौं जिल्ला अदालतका फैसलाहरू अनुसार निवेदकलाई फैसला कार्यान्वयनको प्रयोजनको निमित्त ठेकिएका सजायहरू सम्बन्धमा जरीवानातर्फ उक्त फैसलाअनुसार नै उल्लेख भएको भए पनि कैदतर्फ माथि उल्लिखित भएअनुसार दण्ड सजायको १० नं. एवं ४१ नं. को व्यवस्थाअनुसार भएको देखिएन । उक्त ऐनको व्यवस्थाअनुसार निजलाई २०६७ सालको स.फौ.नं. १२७७ को मुद्दामा लागेको ३ वर्ष कैदको गणना सो मुद्दाको वारदात कायम भएको मिति २०६७।६।६ देखि नै भुक्तान हुने गरी गणना गर्नुपर्ने ।

निवेदक बन्दीले काठमाडौं जिल्ला अदालतको फैसलामाथि पुनरावेदन अदालत, पाटनसमक्ष पुनरावेदन गरेको अवस्था भएकोले पुनरावेदन अदालतले निवेदकको त्यहाँ परेको पुनरावेदनहरूको टुङ्गो लगाउँदा प्रस्तुत निवेदनमा लिएको जिकीरलाई समेत विचार गर्नु भनी आदेशसहितको मिसिल पुनरावेदन अदालत पाटनमा पठाई दिनु र निवेदकले पुनरावेदन अदालत, पाटनमा पेश गरेको पुनरावेदनरूको टुङ्गो लागी नसकेको एवं निजलाई ठेकिएको कैद एवं जरीवानाहरू निजले भुक्तानसमेत गरिसकेको अवस्था नभएको हुनाले हाल रहेको थुना गैरकानूनी भन्न नदेखिएकोले निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नु परेन । निवेदन खारेज हुने ।

इजलास अधिकृतः महेन्द्रप्रसाद पोखरेल
कम्प्युटरः धनबहादुर गुरुङ
इति संवत् २०६९ साल माघ १९ गते रोज ६ शुभम् ।

## इजलास नं. १

१

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री सुशीला कार्की,** ०६७-CR-१२१३, कर्तव्य ज्यान, *सुमित्रा पुन वि. नेपाल सरकार*

शुरूमा प्रतिवाद गर्दा वा तथ्यभन्दा फरक जिकीर वा तथ्य देखाई पछि पुनरावेदनमा जिकीर लिए पनि सो जिकीर कानूनबमोजिम ग्रहणयोग्य हुँदैन । यी प्रतिवादीले मृतक ससुरालाई मार्नुपर्ने कारण र अवस्थाका सम्बन्धमा शुरूमा बयान गर्दा जे तथ्य र अवस्था देखाई बयान गरेको थियो प्रतिवादको सिद्धान्तअनुसार सोही कारण, अवस्था र तथ्यका आधारमा अदालतले तत्सम्बन्धी प्रमाणको मूल्याङ्कन गरी निर्णय गर्नुपर्ने हुन्छ । शुरूमा प्रतिवाद गर्दा उल्लेख गरेको तथ्य र अवस्थाभन्दा भिन्न र पृथक अवस्था र तथ्यसम्बन्धी जिकीर पुनरावेदन गर्दा लिए पनि सोलाई अदालतले स्वीकार गर्न नसक्ने ।

यी प्रतिवादीले शुरूमा बयान गर्दा सँगै बस्दै आएका ससुरा भक्तिराम पुनले वारदातको दिन यी प्रतिवादी सुत्ने माथिल्लो तलामा गई निजले ओढेको सिरक तानेकोले मृतकलाई धकेलिदिएपछि निज तल्लो दलानमा आफ्नो

विस्तरामा गई सुतेको अवस्थामा आफूलाई हैरानी गर्ने, यौन सम्पर्क गर्न खोज्ने गरेकोले आज मार्नु पर्‍यो भनी राति ११:०० बजे उठी डोरी लिई मृतकको घाँटीमा डोरी कसी मारेको अवस्था देखिन आउँछ। पुनरावेदनमा जिकीर लिएअनुसार यी प्रतिवादीले मृतकलाई नमारेको अवस्थामा आफ्नो सतित्व नष्ट हुने अवस्था विद्यमान रहेको थियो भन्ने तथ्य निजको अदालतमा भएको बयानबाट देखिन आउँदैन। तत्काल केही नगरे आफ्नो सतीत्व नष्ट हुने अवस्थामा मात्रै जवर्जस्ती करणीको ८ नं. अनुसारको जिकीर स्वीकार हुनसक्ने हुन्छ। तर, वारदातको राति त्यस्तो अवस्था नभई मृतक आफ्नो विस्तरामा सुतेको अवस्थामा निजलाई यी प्रतिवादीले योजना बनाई घाँटीमा डोरीले कसी मारेको भन्ने निजले गरेको बयानबाट देखिएकोले निजले जिकीर गरेबमोजिम जवर्जस्ती करणीको ८ नं. बमोजिम सजायमा छूट पाउन सक्ने अवस्था नदेखिने।

इजलास अधिकृतः श्रीप्रकाश उप्रेती

इति संवत् २०६९ साल माघ १७ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री प्रकाश वस्ती,** ०६८-WO-११८८, उत्प्रेषण, परमादेश, *रामबहादुर गौतम वि. सूचना तथा सञ्चार मन्त्रालयसमेत*

ओम साई आयल सेन्टर प्रा.लि. र नेपाल दूरसञ्चार कम्पनी लिमिटेडबीच जग्गा खरीद बिक्री गर्ने सम्झौता भएको कुरा स्वयं स्वीकारेकोले दुईवटा कम्पनीबीच भएको सम्झौताले ती दुई पक्षबीच करारीय दायित्वहरूको सिर्जना गरेको हुन्छ। करारीय दायित्वहरूको परिपालना नभएमा प्रचलित करार ऐन, कानूनअन्तर्गत नै उपचार खोज्नुपर्ने हुन्छ। करारीय हकको प्रचलन परमादेशलगायतका रिट क्षेत्रबाट प्रदान हुन नसक्ने।

कानूनले नै मार्गप्रशस्त गरेको सामान्य र प्रभावकारी कानूनको वैकल्पिक उपचारको मार्ग अवलम्बन नगरी सोझै अदालतको असाधारण अधिकारक्षेत्रमा प्रवेश गर्न नमिल्ने।

निवेदकले विपक्षी कम्पनीले पत्राचार गरी आफ्नो जग्गा खरीद गर्ने भनी आशय व्यक्त गरेको भनी दावी लिएको तर त्यस्तो आशयपत्रको आधारमा कानूनी दायित्व सिर्जना हुनसक्ने पनि देखिँदैन। साथै पत्रकै आधारमा कसैको मौलिक हक सिर्जना पनि हुन सक्दैन। मौलिक हक संविधानद्वारा प्रत्याभूत हुन्छ भने कानूनी हक कानूनद्वारा। कसैको जग्गा खरीद बिक्री गर्ने प्रतिबद्धता मालपोत कार्यालयबाट विधिवत् लिखत पारीत भएपछि पूरा हुन्छ। मालपोत कार्यालयबाट लिखत पारीत हुने उपक्रम पूरा नहुँदासम्म पक्षहरू आफ्नो ईच्छा परिवर्तन गर्न सक्षम छन्। यस्तो ईच्छा परिवर्तनबाट कसैको मौलिक हक र कानूनी हक नै अपहरित भयो वा भएन भनी असाधारण अधिकारक्षेत्रबाट यस अदालतले परीक्षण गर्नुपर्ने अवस्था नपर्ने।

इजलास अधिकृतः पुष्पराज थपलिया

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०७० साल बैशाख ५ गते रोज ५ शुभम्।

३

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री प्रकाश वस्ती,** ०६८-WO-०५५५, उत्प्रेषण, परमादेश, *गोकुलमान तण्डुकारसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

सार्वजनिक सडक ऐन, मुलुकभरका सडकलाई व्यवस्थित गर्ने कानूनका रूपमा लागू छ भने सरकारले नगरक्षेत्र घोषणा गरेको क्षेत्रभित्रका सडकका लागि विशिष्टिकृत कानूनका रूपमा नगर विकास ऐन लागू छ। २०३१ सालदेखि कार्यान्वित सार्वजनिक सडक ऐनद्वारा प्राप्त हक सुविधालाई २०४५ सालमा जारी पछिल्लो कानूनले जग्गा प्राप्ति ऐन, २०३४ समेतका प्रावधानको प्रतिकूल नियन्त्रण गर्न नसक्ने।

ऐनद्वारा गरिएको कानूनी प्रवन्धलाई परिवर्तन गर्नुपर्दा सो ऐनको खारेजी वा नयाँ ऐनको निर्माण वा कायमी प्रावधानको संशोधनकै माध्यमलाई कानूनसम्मत मान्नुपर्ने हुन्छ। ऐनका प्रावधानलाई कुनै पत्र वा परिपत्र वा निर्णयले परिवर्तन गर्न

सक्दैन र यसो गरिएको रहेछ भने पनि त्यसलाई कानूनी मान्यता दिन नमिल्ने ।

सार्वजनिक सडक क्षेत्रमा कुनै पनि किसिमका भौतिक संरचनाको निर्माण गर्न नहुने र पहिले तोकिएको भन्दा बढी सडकक्षेत्रको मापदण्ड विस्तार गर्नुपर्ने भएमा प्रचलित कानूनबमोजिम जग्गा अधिग्रहण गरी जग्गाधनीलाई मुआब्जा दिई मात्र सडक विस्तार गर्नुपर्ने ।

इजलास अधिकृतः पुष्पराज थपलिया

इति संवत् २०७० साल बैशाख ५ गते रोज ५ शुभम् ।

## इजलास नं. २

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गिरीश चन्द्र लाल,** ०६५-WO-०१८६, उत्प्रेषण, *अधिवक्ता बालकृष्ण नेउपाने वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

नेपालमा पेट्रोलियम पदार्थको आयात, आपूर्ति तथा व्यवस्थापन गर्ने एक मात्र संस्था नेपाल आयल निगम भएकोले. ग्याँसलगायतका पेट्रोलियम पदार्थको सहज र सरल आपूर्ति गर्नु उक्त संस्थाको दायित्व पनि हो । यसमा नेपाल आयल निगम प्रयत्नशील रहेको पनि पाइयो । आपूर्तिमा लागी परिरहेको देखिएको र निवेदकले रिट निवेदनमा विगतमा तत्काल देखिएको समस्यासँग सम्बन्धित विषयवस्तु औंल्याएको पाइन्छ । तर, त्यसको सन्दर्भ हाल परिवर्तन भई ग्याँसलगायतका पेट्रोलियम पदार्थको ढुवानी मूल्यलगायतमा अर्कै मूल्य कायम भएको पाइएकोले निवेदनमा उठाएको मागमा सम्बोधन गर्नुपर्ने औचित्य समाप्त भैसकेको देखिँदा मागबमोजिम आदेश जारी गर्नुपर्ने देखिन आएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः अशोककुमार बस्नेत

इति संवत् २०६९ साल फागुन ६ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गिरीश चन्द्र लाल,** फौ.पु.नं. ०६६-CR–०५७०, मूल्य अभिवृद्धि कर, *ठूला करदाता कार्यालय, हरिहरभवन ललितपुर वि. युनाइटेड टेलिकमसमेत*

करदाताले जारी गरेको विजकलाई आधार नमानी बिक्री रकम फरक परेको भनी अन्य विवरणलाई आधार मानी कर निर्धारण गरेको, धरौटी रकम सदर स्याहा गरेको भनी भैरहवा भन्सार कार्यालयबाट जारी पत्रलाई मान्यता नदिई कर निर्धारण गरेको, मूल्य अभिवृद्धि कर दाखिल भैसकेकोमा पनि मूल्य अभिवृद्धि करमा दर्ता नभएको व्यक्तिबाट खरीद गरेको बिलको क्रेडिट दावीलाई अस्वीकार गरिएको र प्रतिलिपि बिलबाट क्रेडिट दावी गरेको भनी कर निर्धारण गरेको ठूला करदाता कार्यालयको मिति २०६१।९।६ को आदेश नमिलेकोले केही उल्टी हुने ।

इजलास अधिकृतः अशोककुमार बस्नेत

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६९ साल फागुन ६ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गिरीश चन्द्र लाल,** फौ.पु.नं. ०६६-CR–०५७१, मूल्य अभिवृद्धि कर, *ठूला करदाता कार्यालय, हरिहरभवन ललितपुर वि. युनाइटेड टेलिकम*

सरकारी निकायमा दाखिला गरेको धरौटी रकम त्यस्तो सरकारी कार्यालयले करदाताको विवरणको आधारमा सदर स्याहा गरेको र सोको विवरणसहितको सक्कल रसिद करदाताले दाखिला गर्न नसकेको अवस्थामा सदर स्याहा गर्ने कार्यालयले नै प्रमाणित गरिदिएको पत्रलाई अन्यथा भन्न सकिने हुँदैन । सक्कल रसिद यदाकदा हराउन वा दैवी परी नष्ट पनि हुन सक्छ । यस्तो स्थितिमा त्यस्तो आधिकारिक निकायमा भएको अभिलेखका आधारमा जारी गरिएको पत्रलाई आधार मान्न नहुने ठोस आधार हुनुपर्छ । पुनरावेदकबाट त्यस्तो ठोस आधार पेश गर्न सकेको पनि नहुँदा पुनरावेदन जिकीर वस्तुनिष्ठ देखिन आएन । अतः यस्तो स्थितिमा यी करदाताले राखेको धरौटी रकम सदर स्याहा भएको

भनी सम्बन्धित कार्यालयले लेखिदिएको पत्रलाई अस्वीकार गरी त्यसरी सदर स्याहा गरेको रकमलाई करको दायरामा ल्याउनु न्यायसंगत् नदेखिने ।

इजलास अधिकृतः अशोककुमार बस्नेत

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०६९ साल फागुन ६ गते रोज १ शुभम् ।

४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गिरीश चन्द्र लाल,** रिट नं. ०६५-WO-०८०६, उत्प्रेषण/प्रतिषेध, *नेपाल अटो इन्जिनीयरिङ्ग (प्रा) लि. को तर्फबाट अख्तियारप्राप्त प्रतिनिधि सुकइलाल बर्मासमेत वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोगसमेत*

रिट निवेदकले उठाएको विषयवस्तुसँग सम्बन्धित विवादमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट दायर रकम हिनामिनासम्बन्धी तीनवटा मुद्दाहरू विशेष अदालत, काठमाडौंबाट मिति २०६७।२।२६ मा अभियोग दावीबमोजिम रकम हिनामिना गरेको ठहर हुने भनी निर्णयसमेत भैसकेको प्रमाणमा आएका विभिन्न तीनवटा मुद्दाको मिसिलबाट देखियो । यसरी रिट निवेदकले उठाएको विषयवस्तुका सम्बन्धमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट मुद्दा दायर भै विशेष अदालत, काठमाडौंबाट निर्णयसमेत भैसकेको यस स्थितिमा प्रस्तुत रिट निवेदनको औचित्य समाप्त हुनुका अतिरिक्त कानूनबमोजिम स्थापित अधिकार सम्पन्न निकायबाट आवश्यक अनुसन्धान गरी विशेष अदालतमा मुद्दा दर्ता गरिसकेको स्थितिमा त्यस्तो कानूनबमोजिम गरिएको कामकारवाहीउपर रिट क्षेत्रबाट हस्तक्षेप गर्न नमिल्ने ।

इजलास अधिकृतः अशोककुमार बस्नेत

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६९ साल फागुन ६ गते रोज १ शुभम् ।

५

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** २०६८-WO-०८२५, उत्प्रेषणयुक्त परमादेश, *अञ्जू खनाल वि. सुरेन्द्र श्रेष्ठसमेत*

प्राकृतिक न्यायको सिद्धान्तबमोजिम सुनुवाइको सिद्धान्तको परिपालनाको निमित्त प्रतिवादीले सूचना प्राप्त गर्नुपर्ने र उसको विपक्षमा फैसला हुँदैछ भने त्यस सम्बन्धमा निजको कुरा सुन्नको लागि पर्याप्त मौका प्रदान गरिएको देखिनु पर्दछ । यही मान्यताले गर्दा मुद्दाको प्रकृतिको आधारमा प्रतिवादीहरूको नाउँमा विभिन्न अवधिको म्याद जारी गर्ने र उसले थाहा पाएको कुरामा आश्वस्त हुन म्याद तामेलीमा अपनाइने कार्यविधिको कानूनद्वारा नै व्यवस्था गरिएको हुन्छ । मुलुकी ऐन, २०२० को अदालती बन्दोबस्तको महलको ११०, १११, ११२, ११३ नं. म्याद तामेल सम्बन्धमा कार्यविधि व्यवस्था गरेको देखिन्छ । घरद्वार फेला नपरेपछि अ.बं. ११२ नं. बमोजिम गाउँटोल खुलेकोमा सम्बन्धित नालिस परेको थाहा होस् भन्ने मान्यताले पक्ष विपक्षको नाउँको म्याद निश्चित् अवस्थामा जिल्ला अदालत नियमावली, २०५२ को नियम २२क मा राष्ट्रियस्तरको दैनिक पत्रिकामा समेत प्रकाशित गर्न सकिने र त्यसरी प्रकाशित भएपछि रीतपूर्वक तामेल भएको मानिने गरी व्यवस्था गरेको देखिन्छ ।

पत्रिकामा इतलायनामा प्रकाशित गर्दा कम्पनीको मेनेजिङ डाइरेक्टर, डाइरेक्टरको नाममा प्रकाशित गर्नुपर्ने कानून र कारण देखिँदैन । अ.बं. ११०(३) नं. बमोजिम कम्पनीको मेनेजिङ डाइरेक्टरकै नाम खुलाई प्रतिवादी बनाउन अनिवार्य गरेको समेत देखिँदैन । निवेदकले जुन नाम ठेगानाबाट लिखत लिनुदिनु भएको छ, सोहीबमोजिम प्रतिवादी कायम गर्नुपर्ने हुँदा सोबमोजिम गरेकोलाई अन्यथा भन्न मिलेन । लेखिएको वतनमा फेला पर्दैन भने त्यो दोष अदालतको हुन सक्तैन । म्याद तामेली प्रक्रियामा जालसाजी भए अन्य उपचार हुनसक्ने हो, जसको खोजी निवेदकले गरेको देखिँदैन । गोरखापत्रमा प्रकाशित सूचनाबमोजिम पनि थाहा नपाएको भन्ने कानूनले स्वीकार गर्नसक्ने तर्क देखिन आउँदैन । कानूनबमोजिम पहिला लिखतबमोजिमको

वतनमा म्याद तामेल गरी प्रतिवादीलाई प्राकृतिक न्यायको सिद्धान्तबमोजिम जानकारीको निश्चितताका लागि जिल्ला अदालत नियमावलीको प्रावधानबमोजिम गोरखापत्रमासमेत सूचना प्रकाशित भएको अवस्थामा बेरीत भन्न मिल्ने देखिएन । यसरी कानूनद्वारा निर्दिष्ट कार्यविधिको पूर्ण पालना गरेको पाइएको अवस्थामा कानूनबमोजिमको प्रक्रिया अवलम्बन गरी न्यायिक निकायबाट भएको फैसलाको कार्यान्वयनलाई नै प्रतिकूल असर पुऱ्याउने ध्येयले दायर भएको प्रस्तुत रिट निवेदन दावीसँग सहमत हुन नसकिँदा लिखत बदर मुद्दामा काठमाडौं जिल्ला अदालतबाट भएको म्याद तामेली, फैसला र सोपश्चात् फैसला कार्यान्वयनको सम्बन्धमा भएको कामकारवाही समेतमा कुनै त्रुटि नदेखिँदा निवेदन मागबमोजिमको आदेश जारी गर्नु पर्ने नदेखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६९ साल फागुन ११ गते रोज ६ शुभम् ।

- यसै प्रकृतिको २०६८-WO-०८२४, उत्प्रेषणयुक्त परमादेश, *अञ्जू खनाल वि. सुरेन्द्र श्रेष्ठसमेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ ।

६

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** पुनरावेदन नं. ०६६-CI-०४७२, बाली बिगो, *गणेशप्रसाद चौधरी कुर्मीसमेत वि. राममणिप्रसाद कुर्मीसमेत*

वादी दावीका जग्गाहरू प्रतिवादीहरूले खिचोला गरेको ठहर भई मिति २०५५।६।२८ मा २०५४।०५५ सालको दे.पु.नं. ७६६, ७६७, १०५८ को जग्गा खिचोला मुद्दामा फैसला भएको र सो फैसलाअनुसार २०५६।३।२१ म चलनपूर्जी पाएको देखिएको र २०३८ तथा २०३९ सालमा बाली रोक्का भएकोले २०४० सालदेखि २०५५ सालसम्मको बाली मात्र दावी गरेको पाइँदा उक्त १६ वर्षसम्मको बाली भराउनुपर्ने देखिन्छ । फिरादपत्रमा कुल ६,५३,६६२।५० को बिगो दावी गरेको देखिन्छ । सो दावी गरिएको बिगो कसरी के कुन कुरामा आधारित रहेको भन्ने कुराको वादीले कुनै प्रमाण प्रस्तुत गरेको पाईदैन । प्रमाण ऐन, २०३१ को दफा २६ बमोजिम दावी गरिएको बिगो वास्तविक भएको पुष्टि गर्ने दायित्व वादीमै निहीत हुन्छ । आफूले दावी गरेको बिगोलाई पुष्ट्याइँ गर्ने प्रमाण दिन नसकेको अवस्थामा मिसिलबाट देखिएको तथ्यगत कुरामा निर्भर गर्नुको अन्य विकल्प देखिँदैन । २०३८ सालमा रोक्का रहेको बालीको नगदमा परिणत गर्दा रू. ४,५१२।२५ भएको मिसिलसाथ मूल्याङ्कन मुचुल्काको प्रतिलिपिबाट देखिन्छ । वादीले दावीअनुरूपको बिगोलाई पुष्ट्याई गर्ने वस्तुनिष्ठ प्रमाण पेश गरेको नदेखिएको तथा प्रतिवादीहरूले नै जग्गा जोत कमाई गरेको समेतको अवस्थामा मिसिलमा संलग्न मूल्याङ्कन मुचुल्कालाई नै आधार मानी दावी गरिएका सालको बालीको औसत कायम गर्दा इन्साफको रोहमा मनासिब देखिन आउँछ । त्यसरी औसत कायम गर्दा रू. ७२,१९६।- बिगो कायम हुने देखिन्छ । प्रतिवादीहरूबाट दामासाहीले बिगो भरी पाउन दावी गरेको अवस्था रहेकोले सो रकमको दामासाहीले हुन आउने रकम नै वादीहरूले प्रतिवादीहरूबाट भराई लिन पाउने देखिन्छ । परन्तु, वादीहरूले बिगो दावी गर्दा प्रतिवादीहरूले खिचोला गरेको भनेको जग्गाको आफ्नो हक हिस्साको अनुपातमा दावी गरेको देखिँदा सोहीअनुरूप दावी गरेको बिगोको प्रतिशत कायम गर्दा वादी गणेशप्रसादले २१.३ प्रतिशत, अकालपतीले ८ प्रतिशत, पशुपतिले २३.४ प्रतिशत, देवराजले २३.८ प्रतिशत र नन्दराजले २३.५ प्रतिशत भराई लिन पाउने ।

इजलास अधिकृतः दीपककुमार दाहाल

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६९ साल माघ २८ गते रोज १ शुभम् ।

७

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** पुनरावेदन नं. ०६८-CI-०८६६, मोही नामसारी, *केदार ठाकुर हजाम वि. सोहरतियादेवी चमार*

यस्तै प्रश्न उपस्थित भएको हिरामाया माडी श्रेष्ठ विरूद्ध जगतमाया श्रेष्ठ भएको जोत नामसारी मुद्दामा "...विवादित जग्गाको जोताहा मोहीको मृत्युपछि एक मात्र हकवाला छोरा बुरुकुमारका नाममा स्वतः मोही हक स्थापित भएको मान्नुपर्ने स्थितिबाट निज बुरुकुमारका नाउँमा नामसारी नगराएकै कारणले निज जीवित रहेकै अवस्थामा मोही हक समाप्त भएको मान्न नमिली वादीका पति बुरुकुमारको हकमा आएको मोही हक निजको मृत्युपश्चात् नामसारी गराउन नपाउने भन्न नमिल्ने..." भन्नेसमेत सिद्धान्त प्रतिपादन भएको देखिन्छ। (*नेकाप* २०६१, नि.नं. ७३३८) यसरी प्रचलित कानूनले ससुराको मोहियानी हकको हकवाला छोरा बुहारीलाई स्वीकार गरेको, प्रतिपादित सिद्धान्तबाट समेत बाबुको नामको मोहियानी छोराको नाममा नामसारी नभए पनि बुहारीको नाममा नामसारी हुने।

इजलास अधिकृतः दीपककुमार दाहाल

इति संवत् २०६९ साल फागुन ४ गते रोज ६ शुभम्।

८

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** रिट नं. ०६८-WO-१३०९, उत्प्रेषणयुक्त परमादेश, *सुमित्राकुमारी देवी वि. ऋण असूली न्यायाधिकरण, काठमाडौंसमेत*

बैंकले ऋण चुक्ता गर्ने सम्बन्धमा विभिन्न मितिमा पत्राचार गरेको, राष्ट्रिय पत्रिकामा सूचना प्रकाशित गरेकोसमेत देखिँदा बैंकबाट लिएको ऋण चुक्तातर्फ ऋणीले कुनै चासो देखाएको पाइएन। अर्कोतर्फ ऋण बुझाउने सम्बन्धमा ऋण असूली न्यायाधिकरणले कम्पनीले लिएको ऋण असूल नभएमा व्यक्तिगत जमानी दिनेको सम्पत्तिबाट भराई दिने भनी गरेको फैसला अन्तिम भैरहेको छ। रिट निवेदक सञ्चालक रहेको कम्पनीको ऋण तिर्न पटकपटक सूचना गरेको र सार्वजनिक पत्रिकामा समेत सूचना प्रकाशित गरेबाट निवेदकलाई कुनै जानकारी नै नदिई निजको सम्पत्ति लिलाम गरेको भन्न मिल्ने देखिएन। बैंक तथा वित्तीय संस्थाको ऋण असूली नियमावली, २०५९ को नियम २९(३) मा भएको व्यवस्थाबमोजिम नै धितोको मूल्याङ्कन भै लिलाम गरी २०६९।२।२६ मा दा.खा. नामसारीका लागि मालपोत कार्यालय, वीरगञ्जलाई पत्राचार गरिसकेको समेत देखिँदा विपक्षी बैंकले आफ्नो लेना रकम कानूनबमोजिमको प्रक्रिया अपनाई असूल गरी लिएको कार्य कानूनविपरीत भन्ने देखिन आएकोले उक्त लिलामबाट ऋण चुक्ता गराउनु पर्ने/गर्नुपर्ने दायित्वलाई अटेर गरी बस्ने यी रिट निवेदकको संवैधानिक र कानूनी हकमाथि आघात परेको भन्न नमिल्ने।

इजलास अधिकृतः दीपककुमार दाहाल

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६९ साल फागुन ४ गते रोज ६ शुभम्।

९

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** पुनरावेदन नं. ०६७-CI-१४९९, कुत दिलाई मोही निष्काशन गरिपाऊँ, *उर्मीलादेवी ब्राम्हणी वि. जैबुन नेसा*

प्रत्यर्थी जैबुन नेसालाई यी पुनरावेदक वादीले आफ्नो कि.नं. ६९ को जग्गाको मोही गफुर मियाको हकवाला मोहीको रूपमा पत्याएको भन्ने तथ्यमा विवाद छैन। शुरू कार्यालयले बाली भराउन नपर्ने ठहऱ्याएको इन्साफउपर यी पुनरावेदक वादीले चित्त बुझाई पुनरावेदन गरेको समेत पाइँदैन। प्रत्यर्थी प्रतिवादीले भरपाई कीर्ते गरेको भन्ने फौजदारी कसूरको सम्बन्धमा अदालतबाट कसूर ठहर भई सजाय भैसकेको अवस्थामा सो दायित्वको परिणाम प्रतिवादीले भोगिसकेको पाइन्छ। यस परिप्रेक्ष्यमा भूमिसम्बन्धी ऐन, २०२१ मा २०५३।९।२४ मा भएको चौथो संशोधनले मोहियानी हक भएको जग्गामा आधा हक मोहीको हुने भन्ने कानूनी व्यवस्थाको विवेचना गरी फौजदारी कसूरले मोही निष्काशनको दावीलाई समर्थन नगर्ने भन्दै मोही हकबाट निष्काशन गरिपाऊँ भन्ने दावी नपुग्ने।

इजलास अधिकृतः दीपककुमार दाहाल

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६९ साल फागुन ४ गते रोज ६ शुभम्।

१०

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** पुनरावेदन नं. ०६७-CI-१५८७, मोहियानी हकको प्रमाणपत्र पाऊँ, *अतरनारायण देव वि. मु.स. गर्ने मुनिया देवी*

प्रतिवादीले आफ्नो कि.नं. ३१७ को जग्गाको क्षेत्रीय किताबमा दावी ढोढाई चौधरीको नाम समावेश भएको कुरालाई स्वीकार गरेको देखिन्छ । जग्गाधनी दर्ता स्रेस्ताको मोही महलमा निजकै नाम अङ्कित भएको अवस्था छ । निजले पेश गरेको ४ नं. अनुसूचीको जोताहाको अस्थायी निस्सा दावीको कित्ताको नभै अन्य कित्ताको भनी यी पुनरावेदक प्रतिवादीले जिकीर लिई पुष्टि गरेको देखिएको छैन भने वादीले कुत धरौट राखेकोलाई यी पुनरावेदकले स्वीकार गरिसकेको अवस्थामा वादीले दावीको जग्गाको मोहियानी हकको प्रमाणपत्र नपाउने भन्न सकिने अवस्था नै छैन । यही दावीको कि.नं. ३१७ को ०-५-६ जग्गाको मोही यी प्रत्यर्थी ढोढाई चौधरीले २०४३ सालको कुत नबुझाएको भनी यिनै पुनरावेदकले दिएको मिसिल नं. १२६९।०४६ को मुद्दामा मोही निष्काशन नहुने र २०४३ सालको कुतबापत रू. ४९४।- उक्त मुद्दाको प्रतिवादीबाट भरिपाउने ठहरी भूमिसुधार कार्यालय, सप्तरीबाट मिति २०४६।११।५ मा फैसला भई अन्तिम भएको मिसिल संलग्न उक्त फैसलाको प्रमाणित प्रतिलिपिबाट देखिन्छ । यसरी २०४३ सालमै दावीको जग्गाको मोही यी प्रत्यर्थीलाई मानिसकेपछि अहिले आएर निजलाई मोही होइन भन्न यी पुनरावेदकलाई विवन्धनको सिद्धान्तले पनि दिँदैन । शुरू भूमिसुधार कार्यालयले पहिलेको मुद्दामा दावीको जग्गाको मोही यी प्रत्यर्थीलाई मानिसकेपछि पछि परेको मुद्दामा मोही होइन भनी अन्तरविरोधात्मक निर्णय गरेको स्पष्टै देखिएको छ । यस्तो अन्तरविरोधात्मक निर्णयको अस्तित्त्वले न्याय पराजीत हुने अवस्था हुने भएकोले वादीले कि.नं. ३१७ को जग्गामा मोहियानी हकको प्रमाणपत्र पाउने ।

इजलास अधिकृतः दीपककुमार दाहाल

इति संवत् २०६९ साल फागुन ४ गते रोज ६ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- पुनरावेदन नं. ०६७-CI-१५००, मोही नामसारी, *उर्मीला ब्राह्मणी वि. जैबुन नेसा*
- पुनरावेदन नं. ०६७-CI-१५८६, अवैध मोही लगत कट्टा, *अतरनारायण देव वि. मु.स. गर्ने मुनिया देवी*

११

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,**०६९-WO-०८४८, उत्प्रेषणसमेत, *बद्रीप्रसाद चापागाईं वि. निर्वाचन आयोग,समेत*

वर्तमान अवस्थामा निर्वाचन आयोग पदाधिकारीविहीन नभई त्यसले पूर्णता प्राप्त गरिसकेको अवस्था देखिएको एवं निर्वाचन आयोग ऐन, २०६३ को परिच्छेद् ४ को दफा २६ बमोजिम रिट निवेदनको मागसँग सम्बन्धित विषयको सम्बन्धमा निर्णय गर्ने दायित्व निर्वाचन आयोगकै भएको र उल्लिखित निवेदन मागबमोजिमको अभिलेखीकरण गर्ने निर्णय गर्न कुनै किसिमको बाधा व्यवधान नदेखिई निर्वाचन आयोगले निवेदन जिकीरका सम्बन्धमा निर्णय गर्नसक्ने अवस्था विद्यमान भएको देखिएको यस्तो अवस्थामा आफूसमक्ष निर्णयार्थ प्रस्तुत भएको विषय अनिर्णित अवस्थामा राखिराख्नु कुनै पनि दृष्टिकोणबाट न्यायोचित् नहुँदा यस्तो अवस्थामा निवेदन मागका सम्बन्धमा निर्णय गर्नु कानूनतः निर्वाचन आयोगको कर्तव्य एवं दायित्व हुनजान्छ र आफूसमक्षको यस्तो दायित्वलाई नजरअन्दाज गरी निर्णय नगर्ने किसिमको कुनै पनि कार्यलाई कदापि उचित मान्न नसकिने हुँदा निर्वाचन आयोग त्यसका पदाधिकारीले पूर्णता प्राप्त गरी रिट निवेदन मागबमोजिम निर्णय गर्न सक्षम नै देखिएको स्थितिमा निवेदन मागका उल्लिखित विषयका सम्बन्धमा अविलम्ब निर्णय गर्नु भनी विपक्षी निर्वाचन आयोगका नाउँमा परमादेश जारी हुने ।

इजलास अधिकृतः कृपासुर कार्की

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०७० साल बैशाख २४ गते रोज ३ शुभम्

**इजलास नं. ३**

१

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री सुशीला कार्की,** २०६८ सालको साधक नं. RC-००६६, ०५६३, ०५६४, कर्तव्य ज्यान, *नेपाल सरकार वि. ठूले लामा तामाङ, ठूलीमाया तामाङ वि. नेपाल सरकार, सीतादेवी लामा वि. नेपाल सरकार*

प्रतिवादीहरूको आपराधिक मनसाय एवं आपराधिक कार्य प्रकृतिबाट आपराधिक दायित्वको निर्धारण गर्नुपर्ने हुन्छ । उक्त वारदातमा दाइ र दिदीले मृतकलाई कुटपीट गरेको छैन । जाँड खाएर आई मलाई कुटपीट गर्न थालेकोले मैले पनि कोदालोले हानेको हो भनी आफूले प्रहार गरेको चोटबाट नै इन्द्रबहादुरको मृत्यु भएको हो भनी प्रतिवादी सीतादेवी लामाले सम्पूर्ण आपराधिक दायित्व आफैंले बहन गर्ने मनसायबाट अदालतसमक्ष बयान गरेको देखिए तापनि निजले नै मौकामा कागज गर्दा दाजु ठूलेले लात मुक्का प्रहार गरेबाट इन्द्रबहादुर ढलेपछि मात्र आफूले कोदालोले टाउकोमा प्रहार गरेको र दिदी ठूलीले दाबिलोले प्रहार गरेको भनी अन्य प्रतिवादीहरूको पनि वारदातमा संलग्नता देखाई मृतकउपर चोट प्रहार गरेकोमा स्वीकार गरी कागज गरेको भनी अन्य प्रतिवादीहरूको पनि वारदातमा संलग्नता देखाई मृतकउपर चोट प्रहार गरेकोमा स्वीकार गरी कागज गरेको देखिन्छ । त्यस्तै गरी प्रतिवादी ठूले लामाले अदालतमा बयान गर्दासमेत मैले हातले गालामा एक थप्पड हानें, लातले तिघ्रामा एक पटक हानें र घरबाहिर निकाली दिएँ भनी बयान गरेको समेतबाट प्रतिवादी सीतादेवी एक्लैले चोट प्रहार गरेबाट मृतकको मृत्यु भएको भन्ने तथ्यसँग सहमत हुन सकिएन । जहाँसम्म ठूली तामाङले कुनै चोट प्रहार गरेको छैन भनी चोट प्रहार गरेकोमा अदालतमा इन्कारी बयान गरे तापनि निजले मौकामा गरेको कागजमा दाबिलो प्रहार गरेको भनी स्वीकार गरेको र अन्य सहअभियुक्तहरूले पनि निज ठूलीले दाबिलोले मृतकलाई प्रहार गरेको भनी घटना प्रत्यक्ष देख्ने सानु भन्ने शोभा तामाङले मौकामा कागज गर्दा मेरी आमा ठूलीले पनि काठको दाबिलोले प्रहार गरेको भनी मौकामा कागज गरेको र रगत लागेको काठको दाबिलोले छेउपट्टि ताछेको र त्यसको अन्य भागमा समेत रगतको टाटा लागेको दाबिलो समेत बरामद भएको देखिएको र उक्त दाबिलो अन्य प्रतिवादीहरूले प्रयोग गरेको नदेखिएको अवस्था रहेको र ठूलीकै छोरी सानु भन्ने शोभाले आमाले दाबिलो प्रहार गरेको भनी मौकामा गरेको कागज समेतलाई अन्यथा प्रमाणित गर्न नसकेको अवस्थामा ठूली तामाङले चोट प्रहार गरेको प्रमाणित हुन आउनुका साथै इन्द्रबहादुरको ज्यान मर्ला जस्तो गम्भीर अवस्थामा समेत उपचारको लागि कुनै गुहार नमागी उपचारको लागि पहल समेत गरेको नदेखिएको अवस्थामा निजको कर्तव्य समेतबाट मृतकको मृत्यु भएको व्यहोरा मिसिल संलग्न घटनास्थल लास जाँच मुचुल्का, शव परीक्षण प्रतिवेदन, घटना विवरण वस्तुस्थिति मुचुल्का समेतबाट र सानु भन्ने शोभा तामाङको मौकाको कागजसमेतबाट प्रतिवादीहरूले प्रहार गरेको सामूहिक चोटका कारण मृतकको मृत्यु भएको प्रमाणित हुन आएको देखिन्छ । यो यसको एकजनाको चोटको कारणबाट मात्र इन्द्रबहादुरको मृत्यु भएको भन्ने प्रमाणित हुन नआई प्रतिवादीहरू तीनैजनाको सामूहिक चोट प्रहारको कारणबाट मृतकको मृत्यु भएको देखिएको अवस्थामा प्रतिवादीहरू तीनैजनालाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने ।

मृतक प्रायजसो जाँडरक्सी सेवन गरी आफूसँग बारम्बार झगडा गरिरहने प्रवृत्तिको रहेको र वारदातको दिनमा पनि अबेर घर फर्की आएको अवस्थामा ढोकामा लात हानेको सुनी उठी ढोका खोल्दा उल्टै जथानाम आफूलाई गाली गर्दै कुटपीटसमेत गरेबाट रिसको झोकमा नजिकै रहेको

कोदालो समेतले प्रहार गरी आफू घरभित्र सुत्न गएको र मृतक लोग्ने घर बाहिर लडिरहेको अवस्थामा भोलिपल्ट बिहान मृत्यु भैसकेको देखिँदा मृतकलाई मार्नुपर्नेसम्मको प्रतिवादीहरूको पूर्व रिसइवी एवं मनसाय रहेको देखिएन । बिना पूर्व तयारी वारदात घट्न गएको अवस्था देखिँदा प्रतिवादीहरूलाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सजाय गर्दा चर्को पर्न जाने हुँदा अ.बं. १८८ नं. बमोजिम जनही १०(दश) वर्ष कैद हुने ।

इजलास अधिकृतः लालकाजी श्रेष्ठ

इति संवत् २०६९ साल फागुन १६ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री सुशीला कार्की,** २०६७-CR-०२०८, ०५७४, कर्तव्य ज्यान, *कर्मा ग्याल्जेन लामा शेर्पा वि. नेपाल सरकार, नेपाल सरकार वि. कर्मा ग्याल्जेन शेर्पासमेत*

कोशेली भोजको सिलसिलामा देवता मान्ने वा नमान्ने भन्ने सम्बन्धमा विवाद उत्पन्न भै मृतक देण्डी शेर्पाले नै पहिलो पटक प्रतिवादीमध्येका कर्मा ग्याल्जेन शेर्पालाई गालामा एक थप्पड हिर्काएबाट तत्काल उठेको रिसको झोकमा झ्यालमा समाती मृतक डेण्डी शेर्पाको पेटमा दुबै खुट्टाले जोडबलपूर्वक हानेको कारण मृतक डेण्डी शेर्पा भूईमा ढलेको कुरा प्रतिवादीहरूको अधिकारप्राप्त अधिकारी एवं अदालतमा गरेको बयान समेतबाट देखिएको र उक्त तथ्यलाई शव परीक्षण प्रतिवेदन पोष्टमार्टम रिपोर्ट समेतबाट मृत्युको कारणमा Blunt force abdominal injury भनी उल्लेख गरेको र मृतकको मृत्यु पेटमा चोट लागी ठूलो आन्द्रामा प्वाल परेको कारणबाट भएको हो भन्ने शिक्षण अस्पतालको पत्रबाट देखिएको समेतबाट डेण्डी शेर्पाको मृत्यु प्रतिवादीमध्येका कर्मा ग्याल्जेन शेर्पाको लात्ती प्रहारको कारणबाट भएको पुष्टि हुने ।

कर्माग्याल्जेन शेर्पाले डेण्डी शेर्पाको पेट जस्तो संवेदनशील अङ्गमा जव्रजस्तसँग प्रहार गर्दा स्वाभाविक रूपमा मानिस मर्न सक्छ भन्ने कुराको हेक्का रहने स्थितिमा ज्यानसम्बन्धीको ५ नं. अनुसार सजाय हुनुपर्ने भन्ने प्रतिवादी कर्माग्याल्जेन शेर्पाको पुनरावेदन जिकीरसँग सहमत हुन सकिएन । सामूहिक रूपमा चोट प्रहार गरेबाट मृतक डेण्डी शेर्पाको मृत्यु भएकोले सबै प्रतिवादीहरूलाई अभियोग माग दावीबमोजिम सजाय गरिपाऊँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकीरको सम्बन्धमा विचार गर्दा वारदातस्थलमा विशेष जमघट भएको कारण सो स्थानमा घटेको घटनालाई साम्य पार्न कर्मा ग्याल्जेन शेर्पाबाहेकका अन्य प्रतिवादीहरूले आ-आफ्नो तर्फबाट झगडा छुट्टयाउने प्रयास गरेको अवस्था मिसिल संलग्न प्रमाणहरूबाट देखिएबाट आफ्नो घरमा भोजको कार्यक्रम गरेकोमा विवाद परी झगडा भएकोले झगडा छुट्टयाउनु पर्ने दायित्व बोकेका घरपरिवारकै सदस्यले झगडा छुट्टयाउनेसम्म कार्य गरेको र मृतकलाई मार्नुपर्नेसम्मको रिसइवी लाग मनसाय नदेखिएको अवस्थामा निज प्रतिवादीहरूलाई अभियोग माग दावीबमोजिम सजाय गरिपाऊँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकीर पुग्न सक्दैन । प्रतिवादीमध्येका कर्मा ग्याल्जेन शेर्पालाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १४ नं. बमोजिम कैद वर्ष १० (दश) सजाय हुने र अन्य प्रतिवादीहरूलाई सफाइ हुने ।

इजलास अधिकृतः लालकाजी श्रेष्ठ

इति संवत् २०६९ साल फागुन १६ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री प्रकाश वस्ती,** साधक नं. ०६९-RC-००१०, कर्तव्य ज्यान, *नेपाल सरकार वि. प्रिथी, प्रीतम भन्ने प्रीतिबहादुर कार्की*

मिसिल संलग्न जाहेरी दरखास्तहरू, प्रतिवादीको मौकामा र अदालतमा भएको बयान, मौकामा कागज गर्ने व्यक्तिहरूको कागजसमेतका मिसिल संलग्न सबूद प्रमाणहरूबाट प्रतिवादी प्रिथी, प्रीतम भन्ने प्रितिबहादुर कार्कीले मृतक सावित्रा थापालाई मार्ने योजना बनाई जङ्गलमा लगी फलामको

रडले टाउकोमा प्रहार गरी कर्तव्य गरी मारेको तथ्य स्थापित हुन आएकोले निजको उक्त कसूर मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(१) नं. बमोजिमको कसूरअन्तर्गत पर्ने देखिँदा निजलाई सोही महलको १३(१) नं. बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय हुने ।

इजलास अधिकृतः नारायणप्रसाद रेग्मी

इति संवत् २०७० साल बैशाख २० गते रोज ६ शुभम् ।

४

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री प्रकाश वस्ती,** साधक नं. ०६९-RC-००२१, कर्तव्य ज्यान, *नेपाल सरकार वि. रेशबहादुर बस्नेत*

प्रतिवादीले आफू मानसिक रोगी भएको भनी अधिकारप्राप्त चिकित्सकबाट प्रमाणित भएको कुराको प्रमाण दाखिल गर्न सकेको पाइँदैन भने मौकामा कागज गर्ने तथा अदालतमा आई बकपत्र गर्ने जाहेरवालालगायत अन्य कसैले पनि प्रतिवादीको पागलपनको संकेत गर्न सकेको देखिँदैन । खुकुरी जस्तो जोखिमी हतियारले टाउको र घाँटी जस्तो संवेदनशील अङ्गमा पटकपटक प्रहार गरेको भन्ने तथ्य प्रमाणित भैरहेको अवस्थामा प्रतिवादीको उक्त कार्य मुलुकी ऐन, ज्यानसम्बन्धीको १ र १३(३) नं. बमोजिमको अपराधभित्र पर्ने भै सजायमा छूट पाउन सक्ने अवस्थासमेत विद्यमान देखिन आएन । प्रतिवादीले यस अदालतमा पुनरावेदन गर्न नसकेबाट समेत सजायमा छूट पाउन सक्ने आधार प्रस्तुत मुद्दामा नआउने हुँदा प्रतिवादी रेशबहादुर बस्नेतलाई मुलुकी ऐन, ज्यानसम्बन्धी १ र १३(१) नं. बमोजिमको कसूरमा सोही महलको १३(१) नं. बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय हुने ।

इजलास अधिकृतः नारायणप्रसाद रेग्मी

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०७० साल बैशाख २० गते रोज ६ शुभम् ।

५

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री प्रकाश वस्ती,** साधक नं. ०६९-RC-००३१, कर्तव्य ज्यान, *नेपाल सरकार वि. खड्गकुमार तामाङ*

मिसिल संलग्न जाहेरी दर्खास्त, घटनास्थल प्रकृति मुचुल्का, प्रतिवादीले अधिकारप्राप्त अधिकारी र अदालतसमक्ष गरेको बयान, वस्तुस्थिति मुचुल्कामा बस्ने व्यक्तिहरूले लेखाइदिएको कागज, जाहेरवालाको बकपत्र, प्रतिवादीको वर्ष ७ को छोरा सन्तोष तामाङको बकपत्र समेतका आधार प्रमाणहरूबाट मृतक धनकुमारीको मृत्यु प्रतिवादी खड्गबहादुर तामाङको कर्तव्यबाट नै भएको भन्ने प्रमाणित हुन आएकोले निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको नं. महलको कसूरमा सोही १३(३) नं. बमोजिम सजाय हुने ।

प्रतिवादीले आफ्नो घरपरिवारमा भएको तथ्य र यथार्थतालाई स्वीकार गर्दै घटना घट्नुका पछाडि रहेका कारणहरू समेत व्यक्त गरेको तथा प्रतिवादीको उमेर ३२ वर्षको वयस्क रही निजउपर पारिवारिक दायित्व समेत रहेको र प्रतिवादी पेशेवर प्रकृतिका अपराधी हुन् भन्ने पनि नदेखिएको अवस्थामा प्रतिवादीलाई मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम १४ वर्ष कैद हुने ।

इजलास अधिकृतः नारायणप्रसाद रेग्मी

इति संवत् २०७० साल बैशाख २० गते रोज ६ शुभम् ।

६

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री प्रकाश वस्ती,** साधक नं. ०६९-RC-००३३, कर्तव्य ज्यान, *नेपाल सरकार वि. अरविन्दकुमार यादव*

मौकामा कागज गर्ने हरिहर सहनी, कृष्ण राय यादव, भुपेन्द्र राय यादव गंगाराय यादवसमेतले प्रतिवादी अरविन्दकुमार यादव समेत भै मृतकलाई प्रतिवादी राजेन्द्र राय यादवको सल्लाह समेतमा मोटरसाइकलमा आउँदै गर्दा गोली हानी कर्तव्य गरी मारेको हो भनी सुनी थाहा पाएको भनी व्यहोरा लेखाएको पाइन्छ । मौकामा कागज गर्ने अखलेश यादव, वीरबल यादव, हरिहर सहनी, कृष्ण राय समेतले मौकामा आफूहरूले लेखाएको प्रतिवादी अरविन्दकुमार यादवसमेत भै योजना बनाई गोली हानी मृतकलाई मारेको भन्ने कुरालाई समर्थन गरी

अदालतमा उपस्थित भै बकपत्रसमेत गरेको अवस्थामा प्रतिवादीले आरोपित कसूरमा इन्कार रही गरेको अदालतको बयानलाई एकमात्र आधार बनाई कसूरबाट उन्मुक्ति पाउन सक्ने नहुँदा प्रतिवादी अरविन्दकुमार यादवसमेत भै रातको समयमा मृतक मोटरसाइकलमा आउँदै गरेको अवस्थामा बाटामा बसी पेस्तोल प्रहार गरी कर्तव्य गरी मारी ज्यानसम्बन्धी महलको १ नं. र १३(१) नं. मा वर्णित अपराध गरेको प्रमाणित हुन आएकोले निज प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(१) नं. बमोजिमको कसूरमा सोही १३(१) नं बमोजिम सर्वस्वसहित जन्मकैद हुने ।

इजलास अधिकृतः नारायणप्रसाद रेग्मी

इति संवत् २०७० साल बैशाख २० गते रोज ६ शुभम् ।

७

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री प्रकाश वस्ती,** साधक नं. ०६८-RC-००४०, कर्तव्य ज्यान, *नेपाल सरकार वि. भीमबहादुर कुँवरसमेत*

सहअभियुक्तको पोलबाट मात्र फौजदारी मुद्दामा अपराध स्थापित हुन सक्दैन, तर सहअभियुक्तको पोल अन्य प्रमाणबाट प्रमाणित र समर्थित भएमा सहअभियुक्तको पोललाई पनि प्रमाणमा ग्रहण गर्न सकिन्छ । प्रतिवादी हेम शर्मा लामिछानेले मौकामा यी प्रतिवादीहरू उपर गरेको पोल मौकामा कागज गर्ने घटनाका प्रत्यक्षदर्शी व्यक्तिहरूको भनाई, घटनास्थल लास प्रकृति मुचुल्कालगायतका प्रमाणबाट प्रमाणित हुन आएको देखिँदा निज प्रतिवादीले अन्य प्रतिवादीहरूलाई अदालतमा बयान गर्दा पोल नगरेको भन्ने मात्र आधारमा निजहरूले आरोपित कसूरबाट सफाइ पाउने अवस्था हुँदैन । यसका साथै प्रतिवादी बिक्रम भन्ने हेम शर्मा लामिछानेलाई अभियोग दावीबमोजिम ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने भै अ.बं. १८८ नं बमोजिम १० वर्ष कैद हुने ।

इजलास अधिकृतः नारायणप्रसाद रेग्मी

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०७० साल बैशाख २० गते रोज ६ शुभम् ।

८

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री प्रकाश वस्ती,** साधक नं. ०६८-RC-००८६, कर्तव्य ज्यान, *नेपाल सरकार वि. फूलमायाँ विश्वकर्मा*

प्रतिवादीले अदालतमा बयान गर्दा आफूले मृतकको घाँटी नथिचेको भनी कसूरमा केही हदसम्म इन्कार हुन खोजे पनि टाउकोमा हात लगाई हुत्याइदिँदा खम्बामा ठोक्किन गएको कुरा स्वीकार गरेको अवस्था, घटनास्थल प्रकृति मुचुल्कामा उल्लिखित व्यहोरा र Autopsy Report मा उल्लिखित मृत्युको कारणबाट समेत प्रतिवादीले बालक मृतक कान्छा वि.क.लाई घाँटीमा थिचेका कारणबाट नै मृतकको मृत्यु भएको भन्ने तथ्य र अभियोग दावी स्थापित हुन आएको हुँदा प्रतिवादी फूलमायाँ वि.क.लाई अभियोग दावीबमोजिम कसूर गरेकोमा ज्यानसम्बन्धी महलको १३(३) नं. अनुसार सर्वस्वसहित जन्मकैद हुने ।

इजलास अधिकृतः नारायणप्रसाद रेग्मी

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०७० साल बैशाख २० गते रोज ६ शुभम् ।

## इजलास नं.४

१

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** रिट नं. ०६९-WO-०५८१, उत्प्रेषण, परमादेश, *ज्योति सुवेदी वि.चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान वीर अस्पतालसमेत*

२०६९।५।२ मा प्रवेश परीक्षाका लागि दरखास्त आव्हान गरिन्छ र २०६९।६।२० मा प्रवेश परीक्षा हुनुभन्दा अगावै २०६९।६।११ मा नै भइसकेको निर्णयको २०६९।५।२ को दरखास्त आव्हान गरी आरम्भ भएको प्रक्रियासँग कुनै सम्बन्ध नै छैन भन्ने विपक्षीको कथन तर्कसंगत् देखिँदैन । २०६९।६।२० मा सम्पन्न प्रवेश परीक्षापूर्व २०६९।६।११ मा गरिएको निर्णयले खास अर्थ राख्दछ । शैक्षिक सत्र २०६९/०७० कै लागि प्रवेश परीक्षा लिइनुपूर्व २०६६।३।२४ कै निर्णयको उल्लेखनकासाथ साविक सरह नर्सिङ्ग कर्मचारीको

लागि दुई स्पोन्सर (Sponsor) सीट छुट्‌याउने निर्णय निवेदिकाले दावी गरे जस्तो यसै वर्षका लागि हो वा विपक्षीले जिकीर लिएजस्तो आगामी शैक्षिक सत्र अर्थात् २०७०।०७१ का लागि हो भन्ने कुराको निर्क्यौल हुनु नै प्रस्तुत विवादको केन्द्रीय प्रश्न हो । निर्णयको समय र भाषाले यो निर्णय शैक्षिक सत्र २०६९/०७० सँग नै सम्बन्धित छ भन्ने प्रकट गर्दछ । शैक्षिक सत्र २०६९/०७० का लागि लागू नहुने आगामी सत्र २०७०/०७१ का लागि लागू हुने यसै शैक्षिक सत्रको प्रवेश परीक्षा आरम्भ हुनुअगावै निर्णय गरिनुको तुक हुँदैनथ्यो । यस अवस्थामा २०६९।५।२ को दरखास्त आव्हानसम्बन्धी सूचनामा नर्सिङ्ग कर्मचारीका लागि दुई स्पोन्सर्ड सीटका लागि दरखास्त माग नभएको भन्ने विपक्षीको जिकीरले २०६९।६।११ को निर्णयलाई संकुचित तुल्याउन नसक्ने हुँदा विपक्षीको कामकारवाही कानूनअनुकूलको नदेखिँदा उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । अब यी रिट निवेदिकालाई “PBBN” तहको पढाइमा भर्ना गरिदिई उक्त तहको पढाइ र परीक्षा कार्यक्रममा सम्मिलित गराइदिनु भनी विपक्षी चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान वीर अस्पतालको नाममा परमादेश जारी हुने ।

इजलास अधिकृतः कमलराज विष्ट

कम्प्युटरः भाष्कर पंगेनी

इति संवत् २०७० साल बैशाख २९ गते रोज १ शुभम् ।

**इजलास नं. ५**

१

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६८-WO-०६५१, परमादेश, *रामकुमार सुवेदी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले अनुचित कार्य वा भ्रष्टाचार गरेको हुँदा कारवाही गरिपाऊँ भनी सरोकारवालाले आयोगमा उजूरी दिएमा आयोगले सो उजूरी सम्बन्धमा अनुसन्धान गरी त्यस्तो व्यक्तिले अख्तियार दुरूपयोग गरेको देखिएमा आवश्यक कारवाहीको लागि सम्बन्धित अदालतमा मुद्दा दायर गर्ने, निजलाई सचेत गराउने वा विभागीय कारवाहीको लागि लेखी पठाउन पनि सक्छ । आयोगमा परेको उजूरीको सम्बन्धमा आयोगले कानूनबमोजिम तोकिएको प्रक्रिया र कार्यविधि अवलम्बन गर्नुपर्ने हुन्छ । प्रस्तुत निवेदनमा निवेदकको आयोगमा दिएको उजूरीको सम्बन्धमा आयोगमा उजूरी निवेदन दर्ता भई कानूनबमोजिमको प्रक्रिया र कार्यविधि अवलम्बन गरी अनुसन्धान र तहकीकातको कार्य भैरहेको भन्ने देखिँदा निवेदकले जिकीर लिएअनुसार निजले दिएको उजूरीको सम्बन्धमा आयोगबाट कुनै कारवाही नै नभएको भन्न नमिल्ने हुँदा निवेदकले जनक शिक्षा सामग्री केन्द्र लिमिटेडका प्रवन्ध सञ्चालक रामचन्द्र सिलवाल विरुद्ध कारवाही गरिपाऊँ भनी अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा दिएको निवेदन आयोगमा दर्ता भई अनुसन्धान तहकीकात भैरहेको कुरा बहसमा उठेको समेतबाट त्यस्तो कारवाहीमा यस अदालतको असाधारण अधिकारक्षेत्र प्रयोग गरी हस्तक्षेप गर्न नमिल्ने हुँदा निवेदकको मागबमोजिमको आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृतः हरिश्चन्द्र इङ्नाम

इति संवत् २०७० साल बैशाख १९ गते रोज ५ शुभम् ।

२

**मा.न्या. श्री प्रकाश वस्ती र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६६-CR-०७२७, सवारी ज्यान, *नारायणदत्त पन्त वि. नेपाल सरकार*

मिति २०६५।२।३२ गते राति जाहेरवाला लोकेन्द्र विष्टले चलाएको मोटरसाइकललाई प्रतिवादी नारायणदत्त पन्तले चलाएको म.१ ख ४१५ को मिनीबसले ठक्कर दिँदा मोटरसाइकल पछाडि बसेका किसन सिँहको उपचारको क्रममा मृत्यु भएको देखिन्छ । प्रतिवादीले बयान गर्दा उक्त मितिमा महाकाली अञ्चल अस्पतालतर्फ जाँदै गर्दा ओपेरा होटलतर्फको मोडमा म. १ प ९६६ नं. को मोटरसाइकल उक्त मोडतर्फ मोड्दा पछाडिबाट मैले चलाएको मिनीबसले हल्का छोएपछि मोटरसाइकल पछाडि बसेका किसनसिँह साउद रोडमा खस्न गई गाडीको टायरले

च्यापी उपचारको क्रममा मृत्यु भएको हो । निजहरूले दायाँबाट बायाँ मोटरसाइकल मोड्दा साइडलाइट समेत नबाली बाटो काट्दा बचाउन खोज्दाखोज्दै ठक्कर लाग्न गएको भन्ने उल्लेख गरेको देखिन्छ । जाहेरवालाको जाहेरी दर्खास्त पनि ओपेरा होटल जाने मोडमा मिनी बसले हानेको देखिँदा एउटै दिशाबाट मोटरसाइकल र मिनीबस आइरहेको अवस्थामा मोटरसाइकलले दिशा परिवर्तन गर्न मोड्दा मिनीबसले ठक्कर दिएकोले दुर्घटना भएको र सो दुर्घटनामा मोटरसाइकलको पछाडि बस्ने किसनसिँह साउदको मृत्यु भएको देखिन्छ । सो दुर्घटना प्रतिवादीले चलाएको मिनीबसले एकै दिशाबाट आइरहेको मोटरसाइकलले बाटो क्रस गर्न लाग्दा मोटरसाइकललाई ठक्कर दिँदा भएको देखिएकोले ज्यान मर्न सक्छ भन्ने जस्तो नदेखिएको अवस्थामा दुर्घटना भएको र किसनसिँह साउदको मृत्यु भएको देखिँदा सो कार्यबाट उल्लिखित ऐनको दफा १६१(३) को कसूर स्थापित भएको देखिँदा प्रतिवादीलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(३) को कसूरमा १ वर्ष कैद तथा रू. २०००।- जरीवाना हुने ।

इजलास अधिकृतः हरिश्चन्द्र इङ्नाम

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०७० साल बैशाख १९ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६७-WO-०८६८, उत्प्रेषण, *सिद्धिदास सायमी वि. महानगरीय प्रहरी परिसर, जावलाखेल ललितपुरसमेत*

कानूनले अख्तियारी दिएको अधिकारी वा निकायले कानूनले तोकेको परिधिभित्र रही कानूनसम्मत् ढङ्गले कामकारवाही गरेको मान्नुपर्ने हुन्छ । ती निकाय वा पदाधिकारीले कानूनभन्दा बाहिर गई कामकारवाही गरेको स्थापित भएको अवस्थामा मात्र तिनीहरूको कामकारवाही बदर गराउन अदालत आउनुपर्ने र अदालतले उपयुक्त आदेश दिनुपर्ने अवस्था सिर्जना हुन्छ । ती निकाय वा पदाधिकारीको गैरकानूनी कामकारवाहीबाट कसैको अधिकार हनन् हुन पुगी अन्य वैकल्पिक उपचारको बाटो नभएको अवस्थामा अदालत आउनुपर्ने हुन सक्छ । तर, कुनै निकायको गैरकानूनी कामकारवाहीबाट कसैको अधिकार हनन् भएको कुरा पुष्टि हुनु पर्दछ । निवेदकले महानगरीय प्रहरी परिसरले बोलाई जवर्जस्ती पैसा तिर्ने कागज गराएको भन्ने दावी लिएकोमा विपक्षीको लिखित जवाफबाट निवेदकले दावी गरेअनुसारको कुनै कामकारवाही भएको अवस्था नदेखिँदा निवेदकको मागबमोजिमको आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृतः हरिश्चन्द्र इङ्नाम

इति संवत् २०७० साल बैशाख १९ गते रोज ५ शुभम् ।

४

**मा.न्या. श्री प्रकाश वस्ती र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६८-WO-११४६, परमादेश प्रतिषेधसमेत, *छिरिङ्ग ग्याल्बो वि. जिल्ला प्रशासन कार्यालय, काठमाडौंसमेत*

कानूनले अख्तियारी दिएको अधिकारी वा निकायले कानूनले तोकेको परिधिभित्र रही कानूनसम्मत् ढङ्गले कामकारवाही गर्नुपर्ने हुन्छ । ती निकाय वा पदाधिकारीले कानूनभन्दा बाहिर गई कामकारवाही गरेको अवस्थामा मात्र तिनीहरूको कामकारवाही बदर गराउन अदालत आउनु पर्ने अवस्था सिर्जना हुन्छ । ती निकाय वा पदाधिकारीको कामकारवाहीबाट कसैको अधिकार हनन् हुन पुगी अन्य वैकल्पिक उपचारको बाटो नभएको अवस्थामा रिट क्षेत्रबाट अदालत आउन सकिने हुन्छ । त्यस्तो कामकारवाही कानूनविपरीत देखिएमा अदालतबाट आदेश जारी हुन सक्ने हुन्छ । आदेश जारी हुन कुनै निकाय वा पदाधिकारीको त्यस्तो कामकारवाही गैरकानूनी देखिई कसैको हक अधिकारमा हनन् भएको पुष्टि हुनु पर्दछ । प्रस्तुत निवेदनमा निवेदकले विपक्षी जिल्ला प्रशासन कार्यालयको आदेशानुसार विपक्षी कार्यालयका प्रहरीहरू आई धरपकड गर्ने तथा विद्यालय सञ्चालनमा रोकतोक गर्ने कार्य गरेको भन्ने दावी लिएकोमा निवेदकले दावी गरेजस्तो

कुनै कार्य विपक्षीबाट भएको अवस्था निवेदकबाट पुष्टि हुन सकेको अवस्था नदेखिँदा निवेदकको मागबमोजिमको आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृतः हरिश्चन्द्र इङ्नाम

इति संवत् २०७० साल बैशाख १९ गते रोज ५ शुभम् ।

५

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६७-WO-१२४५, उत्प्रेषणयुक्त परमादेश, *कमला व्यञ्जनकारसमेत वि. गृह मन्त्रालयसमेत*

राष्ट्रिय सतर्कता केन्द्र भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिम स्थापना भएको र यसले केन्द्रमा प्राप्त उजूरीउपर आवश्यक छानबीन गर्ने र सम्बन्धित निकायबाटै छानबीन गर्न लगाई त्यसको जानकारी लिनसक्ने व्यवस्था भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३७ र ३८ बाट देखिन्छ । यी निवेदकको सम्बन्धमा नक्कली कागजात तयार गरी जग्गाधनी प्रमाणपूर्जा लिएको भन्ने सम्बन्धमा परेको उजूरीमा आवश्यक छानबीन गरी विवरण केन्द्रमा पठाई दिनु भनी राष्ट्रिय सतर्कता केन्द्रले गृह मन्त्रालयलाई पत्राचार गरेको देखिँदा कानूनबमोजिम भएको त्यस्तो कामकारवाहीलाई अन्यथा भन्न नमिल्ने हुँदा निवेदकको निवेदन दावीबमोजिम विपक्षीहरूबाट कुनै गैरकानूनी कामकारवाही भएको नदेखिएको र निवेदकको संविधानद्वारा प्रदत्त हकमा आघात पुगेको नदेखिँदा निवेदन मागबमोजिमको आदेश जारी गर्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः हरिश्चन्द्र इङ्नाम

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०७० साल बैशाख १९ गते रोज ५ शुभम् ।

## एकल इजलास

१

**मा.न्या.श्री रामकुमार प्रसाद शाह,** ०६९-WH-००७१, बन्दीप्रत्यक्षीकरण, *उर्मीलादेवी धिमाल वि. महानगरीय प्रहरी परिसर कार्यालय, ललितपुरसमेत*

कानूनबमोजिम मुद्दा अनुसन्धान तथा तहकीकात गर्ने निकायले कानूनले निर्देश गरेबमोजिम सम्बन्धित अदालतको अनुमति लिई अनुसन्धान तहकीकात गर्ने प्रयोजनको लागि थुनामा राखेको कार्यलाई गैरकानूनी थुना भन्न मिल्ने देखिँदैन । अनुसन्धान गरिएको ठगी मुद्दाबाट यी निवेदकउपर मुद्दा चल्ने वा नचल्ने र निजलाई थुनामा राख्न पर्ने हो होइन भन्ने सम्बन्धमा सोही मुद्दाबाट कानूनबमोजिम हुने अवस्था हुँदा अनुसन्धान तहकीकातको कार्यमा यस अदालतबाट हस्तक्षेप गर्नुपर्ने कुनै कानूनबमोजिमको कारण र अवस्था निवेदन लेखबाट देखिन आउँदैन । कानूनबमोजिम भए गरेको कार्य र प्रक्रियाबमोजिम थुनामा रहेको देखिँदा निवेदकको संविधान र कानूनप्रदत्त स्वतन्त्रतासम्बन्धी हक अनुचित वा गैरकानूनी तवरबाट उल्लंघन भएको सम्झन मिल्दैन । व्यक्तिको स्वतन्त्रतासम्बन्धी हक निर्वाध र असीमित हक नभई कानूनको अधीनमा रहने गरी मात्र नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२ ले प्रत्याभूत गरेको छ । कानूनद्वारा नियमित र व्यवस्थित हकलाई कानून बमोजिम नै उपभोग गर्नुपर्ने हुन्छ । अधिकार नभएको व्यक्ति वा निकायले थुनामा राखेको भएमा अथवा आफूमा रहेको अधिकारभन्दा बढी अधिकार प्रयोग गरी थुनामा राखेको भएमा अथवा कानूनको उचित प्रक्रिया (Due Process of Law) पूरा नगरी थुनामा राखेको भएमा वा अनुचित तरिकाबाट हिरासतमा राखेको भएमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी थुनामुक्त गर्न सकिने हुन्छ । तर सो अवस्था नदेखिई फौजदारी कसूरको अभियोग लागेका यी निवेदक बीरू तामाङ्ग मुद्दा हेर्ने पाउने अदालतको अनुमतिले अनुसन्धानको क्रममा प्रहरीद्वारा कानूनको उचित प्रक्रिया पूरा गरी थुनामा रहेको देखिँदा कानूनबमोजिम भए गरेको कार्यबाट निजको संविधान र कानूनप्रदत्त हकमा गैरकानूनी हस्तक्षेप भएको मान्न नमिल्ने हुनाले निवेदकको मागबमोजिमको बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने अवस्था प्रथम दृष्टिमा नै देखिन आएन ।

तसर्थ, कानूनबमोजिम मुद्दा अनुसन्धान तथा तहकीकात गर्ने निकायले अदालतको अनुमति लिई सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को प्रक्रियाबमोजिम अनुसन्धान गर्ने प्रयोजनको लागि थुनामा राखेको देखिएको र अनुसन्धानपश्चात् उक्त ठगी मुद्दामा यी निवेदक बीरू तामाङउपर मुद्दा दायर हुन सक्ने हो होइन सो सम्बन्धमा सोही मुद्दाबाट कानूनबमोजिम हुने नै हुँदा कानूनविपरीत थुनामा रहेको नदेखिँदा निवेदकको मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने अवस्था प्रथम दृष्टिमा नै नदेखिएकाले विपक्षीहरूबाट लिखित जवाफ मगाई रहन परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः श्रीप्रकाश उप्रेती

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०६९ साल चैत ३० गते रोज ६ शुभम् ।

## रीत/वेरीत आदेश

१

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री गिरीश चन्द्र लाल,** ०६९-RE-००६८, २०६९-AP-११०, बैंकिङ कसूर, *राजुकुमार प्रधान वि. नेपाल सरकार, विकास पौडेल वि. नेपाल सरकार*

यी निवेदक विकास पौडेल जनरल फाइनान्स लिमिटेडको ग्राहक र ऋणी भएको र निजले उक्त संस्थाबाट ऋण लिन धितो दिइरहेको अवस्था भए पनि आफ्नो खातामा पर्याप्त निक्षेप नभएको अवस्थामा चेक काटी भुक्तानी लिएको देखिँदा सो कार्य बैंकिङ कसूर तथा सजाय ऐन, २०६४ को दफा ३(ग) अन्तर्गतको कार्य देखिएको र सो ऐनको दफा १५(१) मा "कसैले दफा ३(ग) बमोजिमको कुनै कार्य गरेमा रू. १०,०००।- (दश हजार) सम्म जरीवाना हुनेछ" भन्ने कानूनी व्यवस्था रहेको परिप्रेक्ष्यमा निज प्रतिवादी विकास पौडेललाई पछि मुद्दा किनारा हुँदा ठहरेबमोजिम हुने नै हुनाले मुलुकी ऐन, अ.बं. ११८ नं. को देहाय ५ र १० बमोजिम हाललाई निजबाट रू. २,५०,०००।- (दुई लाख पचास हजार) नगद धरौट वा सोबापत जेथा जमानत दिए लिई निजलाई तारिखमा राखी अरूमा कानूनबमोजिम गर्नू ।

अर्का प्रतिवादी राजुकुमार प्रधानले ग्राहकहरूको खातामा पर्याप्त निक्षेप नभएको अवस्थामा पनि संस्थाको नीति र नियमको प्रक्रिया नपुऱ्याई ग्राहकले काटेको चेक भुक्तानी हुने गरी पटकपटक Good for Payment को छाप (Mark) लगाई पठाएको देखिएबाट सो कार्य कानूनअनुकूल नभई निज तत्काल प्राप्त प्रमाणहरूबाट कसूरदार देखिएकोले बिगो समेतको आधारमा हुन सक्ने कैद सजाय विचार गरी पुर्पक्ष निमित्त निजलाई थुनामा राख्ने गरेको आदेश मिलेकै देखिने ।

इति संवत् २०७० साल जेठ २२ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६९-RE-०२०२, ०२०३, ०६९-AP-०२७४, ०३२२, ०३२३, ०३५८, ०३५९, ०३६०, डाँका चोरी (बुद्धको मूर्ति चोरी), *कुमार लामा थिङ्गसमेत वि. नेपाल सरकार*

हुम्ला जिल्ला अदालतबाट निवेदक प्रतिवादीहरूलाई पुर्पक्षको लागि थुनामा राख्ने गरी भएको आदेशलाई सदर गरेको पुनरावेदन अदालत, जुम्लाको आदेश रीतपूर्वकको छ, छैन भनी विचार गर्दा प्रतिवादीहरूले तत्काल अनुसन्धानकै हिस्साको रूपमा रहेको केन्द्रीय अनुसन्धान विभाग (CBI) मा कागज गर्दा परस्परमा पोल गर्नुका अतिरिक्त प्रतिवादीहरूमध्ये कर्मा लामाको डेराबाट प्राचीन मूर्ति बरामद भएको तथ्यमा विवाद नरहेको, माइला लामा भन्ने कमल लामा र कालु लामा भन्ने नरेन्द्र लामाले चोरीको प्राचीन बुद्धको मूर्ति बिक्री गर्ने कार्यमा ग्राहक खोजी हिँडेको, अन्य प्रतिवादीहरू प्रताप रोकाया, कमल राना, शंकर शाही भन्ने उमंग शाही, धनबहादुर बराल बुद्धको मूर्ति डाँका गर्न गएकोमा सावित रहेको र प्रतिवादी लोकबहादुर ऐडी तथा लोकेन्द्र शाही आरोपित कसूरमा सावित रहेको र प्रतिवादी कुमार लामा थिङ, किङ्कटराज

शर्मा, रवि भन्ने निरमान बुढालाई सहअभियुक्तहरूले पोल गरेको तत्काल प्राप्त ठाडो कागजहरूबाट देखिएको यस अवस्थामा त्यस अदालतबाट निवेदक प्रतिवादीहरूलाई पुर्पक्षको निमित्त थुनामा राख्न गरेको आदेशलाई कायम रहने गरेको पुनरावेदन अदालत, जुम्लाको मिति २०६९।८।१५ को आदेश बेरीतबाट भएको नदेखिँदा कुनै परिवर्तन गरिरहन नपर्ने।

इति संवत् २०७० साल जेठ १४ गते रोज ३ शुभम्।

३

**मा.न्या.श्री तर्कराज भट्ट,** ०६९-AP-०२४०, खिचोलासमेत, *मु.स. गर्ने रामकुमार अर्याल वि. सरीता शर्मासमेत*

यिनै निवेदकले यसै मुद्दामा यस अदालतमा पुनरावेदन दर्ता गरेको भनी निवेदनमा नै उल्लेख भएको देखिनाले निवेदकको जिकीरहरू सोही पुनरावेदनको रोहबाट हेरिने नै हुँदा सोही समयमा मुद्दा दोहोऱ्याई पाऊँ भनी परेको निवेदन दर्ता गरिरहनु पर्ने औचित्यसमेत नदेखिएको तथा *नेकाप* पृष्ठ २०५४, अङ्क ९, नि.नं. ६४३२, पृष्ठ ४९० मा प्रकाशित एउटै मुद्दामा दुई अलगअलग उपचारको मार्ग समाउन पाउने कानूनी व्यवस्थाको अभावमा दोहोऱ्याई पाऊँ भनी परेको निवेदन कानूनअनुरूपको भन्न नमिल्ने भनी सिद्धान्त प्रतिपादित भइरहेको समेत आधारमा यस अदालतका सहरजिष्ट्रारबाट मिति २०६९।८।२४ मा भएको दरपीठको आदेश बेरीतको नदेखिँदा बदर गरिरहन परेन। कानूनबमोजिम गर्नू।

इति संवत् २०७० साल जेठ २३ गते रोज ५ शुभम्।

## अन्तरिम आदेश

**मा.न्या.श्री तर्कराज भट्ट,** ०६९-WO-१२७६, उत्प्रेषण, *पुकार नरसिंह राणासमेत वि. वैदेशिक रोजगार न्यायाधिकरण, काठमाडौंसमेत*

वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०६८।३।१२ को निवेदकहरूउपर अ.बं. ८८ नं. बमोजिम पूरक अभियोगपत्र पेश गर्नु भन्ने आदेश र सो आदेशको आधारमा मिति २०६९।६।१५ मा पेश गरिएको पूरक अभियोगपत्र कार्यान्वयन नगर्नू नगराउनू भनी विपक्षीहरूको नाममा अन्तरिम आदेश जारी गरिपाऊँ भन्ने रिट निवेदन मागका सम्बन्धमा विचार गर्दा नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३५(२) मा कुनै अदालत वा न्यायिक अधिकारीसमक्ष नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने अधिकार महान्यायाधिवक्तालाई हुनेछ भन्ने संवैधानिक व्यवस्था रहेको देखिन्छ। वैदेशिक रोजगार ऐन, २०६४ को दफा ६१ ले मुद्दा दायर गर्ने अधिकारी र दफा ६४ ले मुद्दाको निर्णय गर्ने अधिकारीको व्यवस्था गरेको पाइन्छ।

नेपाल सरकार वादी हुने फौजदारी मुद्दामा कुनै व्यक्ति विशेषलाई प्रतिवादी कायम गर्न लगाई मुद्दा दायर गर्न लगाउन सक्ने गरी मुद्दा निर्णय गर्ने अधिकारीलाई प्रचलित कुनै कानूनले अधिकार प्रदान गरेको देखिन नआएकोले विपक्षी वैदेशिक रोजगार न्यायाधिकरणले मिति २०६८।३।१२ मा अ.बं. ८८ नं. बमोजिम निवेदकहरूउपर अभियोगपत्र पेश गर्नु भनी गरेको आदेश नेपालको अन्तरिम संविधान, २०६३, प्रचलित कानून, स्वच्छ सुनुवाइको सिद्धान्त (Principle of Fair Trial) तथा न्यायिक परम्परा र मूल्य मान्यताअनुकूल नदेखिएको साथै *नेकाप* २०५९, अङ्क ३, ४, नि.नं. ७२८२, पृष्ठ २१० मा प्रकाशित नजीर सिद्धान्तको समेत पालना गरी गरेको नदेखिएकाले विचाराधीन मुद्दाको कारवाही किनारा गर्ने कुरामा कुनै असर नपर्ने गरी यो रिट निवेदनको अन्तिम किनारा नभएसम्म विपक्षी वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०६८।३।१२ को निवेदकहरूको सम्बन्धमा पूरक अभियोग पेश गर्नु भन्ने आदेश र सो आदेशको आधारमा मिति २०६९।६।१५ मा पेश भएको पूरक अभियोग पत्रबमोजिम कुनै कामकारवाही नगर्नू, नगराउनू भनी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम विपक्षीहरूका नाममा अन्तरिम आदेश जारी हुने।

इति संवत् २०७० साल जेठ २२ रोज ४ शुभम्।

# अदालत गतिविधि

## विराटनगरमा नेपाली भाषा प्रशिक्षण



प्रशिक्षण सत्रको एक झलक

२०७० साल जेठ २५ गतेदेखि २७ गतेसम्म पुनरावेदन अदालत विराटनगरमा इजलास अधिकृत तथा सहायक कर्मचारीहरूका लागि तीन दिने भाषिक प्रशिक्षण कार्यक्रम सम्पन्न भयो । सो कार्यक्रमको समुद्घाटन सर्वोच्च अदालतका माननीय न्यायाधीश एवं सम्पादन तथा प्रकाशन समितिका अध्यक्ष श्री प्रकाश वस्तीले गर्नु भएको थियो । सो कार्यक्रमको उद्घाटन सत्रमा आफ्नो मन्तव्य राख्दै उहाँले अदालतबाट तयार हुने लिखतहरू भाषिक रूपमा शुद्ध र त्यसबाट प्रभावित व्यक्तिले सजिलैसँग बुझ्न सक्ने हुनु पर्दछ, शब्दजालले मात्र फैसला राम्रो हुँदैन भन्नुभयो । उहाँले फैसला स्तरीय हुन न्यायका उपभोक्ताले बुझ्न सक्ने र कार्यान्वयन गर्न कठिनाई नहुने खालको हुनुपर्दछ, फैसलाले भन्न खोजेको कुरा लक्षित वर्गसम्म पुऱ्याउनका लागि भाषागत रूपमा शुद्ध, सबैले बुझ्न सक्ने र वाक्य गठन सरल हुन आवश्यक छ भन्ने विचार व्यक्त गर्नुभयो । सरल र शुद्ध लेख्न सकिए त्यसबाट सर्वत्र राम्रो सन्देश जाने बताउँदै उहाँले यस कार्यक्रमले थोरै मात्रामा भए पनि हाल प्रयोगमा रहेको अदालती भाषामा सुधारका संकेतहरू देखिने आशा व्यक्त गर्नुभयो ।

कार्यक्रमको सभापतित्व पुनरावेदन अदालत विराटनगरका माननीय मुख्य न्यायाधीश श्री गोपाल पराजुलीज्यूले गर्नु भएको थियो । सभापतिको आसनबाट बोल्दै उहाँले यस प्रकारको कार्यक्रमले दैनिक कामकाजमा सरलता र नेपाली भाषा शुद्ध लेखन प्रक्रियामा सुधार आउने कुराको अपेक्षा गर्न सकिने बताउनु भयो । भाषा आफैँमा सभ्यताको प्रतीक पनि हो र यो सरल सम्प्रेषणको माध्यम

हुनुपर्दछ भन्ने कुरामा जोड दिँदै फैसला लेखनमा भाषागत शुद्धता खोज्नु पर्दछ भन्ने विचार व्यक्त गर्नुभयो । भाषिक मर्यादाको अभ्यास टुट्दै गएको अवस्थामा यस प्रकारको प्रशिक्षणले फैसला लेखन र टंकनको क्षेत्रमा कार्यरत् हाम्रा कर्मचारीहरूलाई पुनर्ताजगी (Refreshment) समेत हुने भएकाले समय-समयमा यस प्रकारका कार्यक्रम हुनुपर्ने कुरामा उहाँले जोड दिनुभयो ।

पुनरावेदन अदालत बार एकाई विराटनगरका अध्यक्ष अधिवक्ता श्री कुमार भट्टराईले सरकारी कामकाजका रूपमा प्रयोग हुने नेपाली भाषा सरल, सहज र बोधगम्य हुनुपर्दछ, भाषामा द्विविधा भयो भने फैसलामा समेत द्विविधा आउन सक्दछ । त्यसैले यस प्रकारको कार्यक्रमले लेखनमा थप शुद्धता र निखार आउन सक्ने विश्वास व्यक्त गर्नुभयो ।

जिल्ला बार एशोसिएशन मोरङका अध्यक्ष श्री डिल्लीबहादुर कार्कीले यो कार्यक्रम कानून र न्यायको क्षेत्रमा नै नयाँ तर नितान्त जरूरी कार्यक्रम हो भन्दै यस कार्यक्रमको आयोजनाप्रति प्रसन्नता व्यक्त गर्नुभयो । आदेश र फैसलामा देखिएका भाषागत जटिलतालाई सरल बनाउन र भाषिक कमजोरीको न्यूनीकरण गर्न यस्ता प्रशिक्षण कार्यक्रम समय-समयमा हुनुपर्ने कुरामा उहाँले जोड दिनुभयो ।

उक्त कार्यक्रममा समितिका सदस्य तथा सर्वोच्च अदालत अनुसन्धान महाशाखा प्रमुख सहरजिष्ट्रार श्री लालबहादुर कुँवरले सहभागी सबैलाई स्वागत गर्नु हुँदै कार्यक्रमको औचित्यतामाथि प्रकाश पार्नु भएको थियो । उक्त कार्यक्रममा सम्पादन शाखामा कार्यरत् कर्मचारीहरू कम्प्युटर अधिकृत श्री शम्भुप्रसाद आचार्य, शाखा अधिकृत श्री राजन वास्तोला, सम्झना सिम्खडा पुडासैनी तथा ना.सु. श्री सरस्वती खड्काको समेत सहभागिता रहेको थियो ।

यस कार्यक्रममा भाषाविज्ञद्वय नेपाल ल क्याम्पसका सहप्राध्यापक श्री गोविन्दप्रसाद घिमिरे तथा काठमाडौँ स्कूल अफ लका उपप्राध्यापक श्री रामचन्द्र फुँयालले प्रशिक्षण कार्यक्रम सञ्चालन गर्नु भएको थियो ।

कार्यक्रमको उद्घाटन सत्रमा पुनरावेदन अदालत विराटनगरका माननीय न्यायाधीशहरू श्री गिरिराज पौड्याल, श्री नरेन्द्र शिवाकोटी, श्री कुमार चुडाल, श्री रेवन्तबहादुर कुँवर र श्री शिवनारायण यादवको उपस्थिति थियो । सो अवसरमा मोरङ जिल्ला अदालतका माननीय जिल्ला न्यायाधीशहरू श्री इन्द्रबहादुर कार्की, श्री राधाकृष्ण उप्रेती तथा श्री ऋषिप्रसाद अधिकारीको समेत उपस्थिति थियो । साथै वरिष्ठ अधिवक्ता तथा अधिवक्ताहरू लगायत पुनरावेदन सरकारी वकील कार्यालय विराटनगरका सहन्यायाधिवक्ता, पुनरावेदन अदालत विराटनगरका रजिष्ट्रार, उपरजिष्ट्रार तथा अन्य कर्मचारीहरू समेतको कार्यक्रममा उपस्थिति थियो । सो कार्यक्रमको सञ्चालन सम्पादन तथा प्रकाशन समितिका सचिव श्री तेजेन्द्रप्रसाद शर्मा सापकोटाद्वारा भएको थियो ।

प्रशिक्षण कार्यक्रममा मोरङ, इलाम, संखुवासभा, तेह्रथुम, धनकुटा, सुनसरी, पाँचथर, ताप्लेजुङ र झापास्थित अदालतका निम्नलिखित कर्मचारीहरूको सहभागिता रहेको थियो:

१. उपरजिष्ट्रार श्री शान्तिप्रसाद आचार्य, पुनरावेदन अदालत विराटनगर
२. शाखा अधिकृत श्री ईश्वरमणि ओझा, ,,
३. ,, श्री टीकाप्रसाद नेपाल, ,,
४. ,, श्री केदारप्रसाद गौतम, ,,
५. ,, श्री उज्वल न्यौपाने, ,,
६. ,, श्री राजकुमार दाहाल, ,,
७. ,, श्री सन्तोष पोखरेल, ,,
८. ,, श्री सरिता रिजाल, ,,
९. ,, श्री सुदीपकुमार दंगाल, पुनरावेदन अदालत इलाम
१०. ,, श्री उषा श्रेष्ठ, ,,
११. ,, श्री जगदिश्वर भट्टराई, ,,
१२. ,, श्री फणिन्द्रराज भट्टराई, ,,

१३. शाखा अधिकृत श्री मुकुन्द निरौला, पुनरावेदन अदालत धनकुटा
१४. ,, श्री सन्जिव पोखरेल, जिल्ला अदालत धनकुटा
१५. ,, श्री कुमार खतिवडा, जिल्ला अदालत धनकुटा
१६. ,, श्री किरणकुमार सिँह, जिल्ला अदालत सुनसरी
१७. ,, श्री भरतमणि पोखेल, जिल्ला अदालत सुनसरी
१८. ,, श्री मोहन घिमिरे, जिल्ला अदालत मोरङ
१९. ,, श्री ॠतु राई, जिल्ला अदालत मोरङ

**सहायक कर्मचारी**

१. ना.सु. श्री गोविन्द कार्की, जिल्ला अदालत संखुवासभा
२. ,, श्री यशोदादेवी कोइराला, जिल्ला अदालत झापा
३. ,, श्री रिताकुमारी देवकोटा, जिल्ला अदालत सुनसरी
४. ,, श्री थामेन्द्रप्रसाद रोइला, पुनरावेदन अदालत धनकुटा
५. ,, श्री सुवोध आचार्य, पुनरावेदन अदालत विराटनगर
६. ,, श्री गोपाल खनाल, पुनरावेदन अदालत विराटनगर
७. ,, श्री जयप्रसाद काफ्ले, पुनरावेदन अदालत विराटनगर
८. ,, श्री सूर्यप्रसाद दाहाल, पुनरावेदन अदालत विराटनगर
९. ,, श्री कुमार श्रेष्ठ, पुनरावेदन अदालत विराटनगर
१०. ,, श्री हेमबहादुर वुढाथोकी, जिल्ला अदालत मोरङ
११. ,, श्री रुद्रबहादुर खड्का, जिल्ला अदालत मोरङ
१२. ,, श्री मोहन जबेगू, पुनरावेदन अदालत इलाम
१३. ,, श्री युगेनकाजी वान्तवा, जिल्ला अदालत इलाम
१४. ,, श्री वुद्धराज निरौला, जिल्ला अदालत मोरङ
१५. टा.ना.सु.श्री टीकादेवी ज्ञवाली, जिल्ला अदालत झापा
१६. ,, श्री प्रेमप्रसाद निरौला, जिल्ला अदालत सुनसरी
१७. ,, श्री सविता थापा, पुनरावेदन अदालत धनकुटा
१८. ,, श्री मञ्जू देवान, जिल्ला अदालत मोरङ
१९. ,, श्री हरिकुमार थापा मगर, पुनरावेदन अदालत इलाम
२०. डिठ्ठा श्री भविनकुमार फुयाल, जिल्ला अदालत तेह्रथुम
२१. ,, श्री रचना तिमिल्सिना, जिल्ला अदालत तेह्रथुम
२२. ,, श्री दावा शेर्पा, जिल्ला अदालत पाँचथर
२३. ,, श्री राजु पौडेल, जिल्ला अदालत झापा
२४. ,, श्री खगेन्द्र पौडेल, जिल्ला अदालत झापा
२५. ,, श्री लोकबहादुर अधिकारी, जिल्ला अदालत सुनसरी
२६. ,, श्री विदुरप्रसाद पोखरेल, जिल्ला अदालत सुनसरी
२७. ,, श्री राजीव निरौला, जिल्ला अदालत इलाम
२८. ,, श्री दिनेश न्यौपाने, जिल्ला अदालत ताप्लेजुङ
२९. क.अ.श्री पवित्रा योङहाङ, जिल्ला अदालत पाँचथर
३०. ,, श्री दलबहादुर तामाङ, जिल्ला अदालत ताप्लेजुङ
३१. ,, श्री उषा श्रेष्ठ, जिल्ला अदालत धनकुटा

प्रशिक्षण कार्यक्रममा प्रशिक्षार्थीहरूलाई विभिन्न अध्ययन सामग्री उपलब्ध गराइएका थिए । ती सामग्री *सअ बुलेटिन*, २०७०, वैशाख २ मा प्रकाशित पनि छन् । दुबै तहका लागि निर्धारित पाठ्यक्रम भने *सअ* बुलेटिन २०६९, मंसिर २ मा प्रकाशित छन् ।

उक्त प्रशिक्षण कार्यक्रममा व्यावहारिक कक्षा पनि सञ्चालन गरिएको थियो, जसमा अदालतबाट लेखिएका केही फैसला तथा पत्रका नमूना पनि प्रशिक्षार्थीहरू समक्ष छलफलका लागि प्रस्तुत गरिएका थिए । यस्ता सामग्रीका केही नमूना यहाँ प्रस्तुत छन् । कार्यक्रमको अन्त्यमा सहभागीहरूबाट यसको प्रभावबारे गरिएको सर्भेक्षण पनि यहाँ समावेश गरिएको छ ।

**"मेलमिलाप गरौं, विवाद नबढाऔं"**

**– सर्वोच्च अदालत, मेलमिलाप समिति**

# पत्र लेखन अभ्यास सामग्री

## भएको मस्यौदा

मितिः २०७०..

**विषयः आदेश बमोजिमका कागजात पठाई दिने सम्बन्धमा ।**

**श्री** .... .... ...

उपरोक्त सम्बन्धमा वादी ह्रस्वप्रसाद (नाम परिवर्तन) र प्रतिवादी दीर्घबहादुर (नाम परिवर्तन) समेत भएको ज.खि.ह.का.च.च. समेत मुद्दामा यस अदालतको मिति २०६८।१।२ का आदेशअनुसार त्यहाँ कार्यालयमा रहेको मिसिल पठाई दिनु भनी च.नं. १०३, मिति २०६८।१।३ मा पत्र लेखिएकोमा सोको कुनै जवाफ प्राप्त हुन नआएकाले मिति २०६८।३।१५ मा ताकेता लेखिएकोमा सोको समेत कुनै जवाफ वा माग भएबमोजिमका मिसिलहरू प्राप्त हुन नआएकाले च.नं. ५०६, मिति २०६८।५।३ मा ताकेता गरी पत्र लेख्दा समेत कुनै जवाफ वा मागबमोजिमका कागजात प्राप्त हुन नआएकाले सख्त ताकेता गरिएको छ, अतः पूर्व पत्रमा माग भए बमोजिमका मिसिल कागजातहरू ३ (तीन) दिनभित्रमा अविलम्ब उपलब्ध गराई दिनु हुन होला । अन्यथाः न्याय प्रशासन ऐन, २०४८ को दफा २९ बमोजिम भै जाने व्यहोरा जानकारी गराइन्छ ।

फाँटवाला शाखा प्रमुख

---

## अपेक्षित मस्यौदा

मितिः २०७०..

**विषयः आदेशबमोजिमका कागजात पठाई दिने सम्बन्धमा ।**

**श्री** ......

वादी ह्रस्वप्रसाद र प्रतिवादी दीर्घबहादुर गुरुङ समेत भएको यस अदालतमा विचाराधीन जग्गा खिचोला मुद्दामा दीर्घबहादुर वि.लोकचन भएको हक कायम मुद्दाको २०६६।१२।३ को छिनुवा मिसिल झिकाउने २०६८।१।२ मा आदेश भएको छ । यस आदेशानुसार यो चौथो पटक ताकेता पत्र लेखिँदैछ ।

उक्त मिसिल पठाई दिन त्यस कार्यालयमा २०६८।१।३, २०६८।३।१५ तथा २०६८।५।३, मा लेखिएका पत्रहरूको कुनै जवाफसम्म प्राप्त हुन आएन ।

माथि उल्लेख गरिएको मिसिल जहाँ जे जस्तो अवस्थामा छ पत्र प्राप्त भएको मितिले तीन दिनभित्र उपलब्ध गराई दिने व्यवस्था हुन अनुरोध छ । सो मिसिल पनि उपलब्ध नहुने र जवाफ पनि प्राप्त हुन नआएमा न्याय प्रशासन ऐन, २०४८ को दफा २९ बमोजिम कारवाही हुने व्यहोरा अनुरोध गर्दछु । उक्त दफामा सम्बन्धित कार्यालय प्रमुख वा कर्मचारीलाई रु.५००। सम्म जरीवाना हुनसक्ने व्यवस्था रहेको स्मरण गराउन चाहन्छु ।

शाखा प्रमुख

# फैसला लेखन अभ्यास सामग्री

## १२५ शब्दको एउटै वाक्य भएको मस्यौदा

नि.नं. ७१६३ को अंश मुद्दाको उपरोक्त तथ्य विवेचना बाट जग्गा खिचोला चलन घर खाली मुद्दामा यस अदालतको संयुक्त इजलास बाट विवादको घरजग्गालाई सगोलको ठहऱ्याई सगोलको सम्पत्तिमा सगोल कै अंशियारले खिचोला गरेको ठहर गर्न मिल्दैन भन्ने सिद्धान्त समेत प्रतिपादन गरी फैसला गरेको र सो फैसला अन्तिम समेत भइरहेकोमा सोही इजलासले सो सँगैको अंश मुद्दामा चाहीँ उपरोक्त फैसला विपरीत सगोल कै एक अंशियारबाट अर्को अंशियारका नाममा बकसपत्र बाट हक हस्तान्तरण भएको विवादको उही घर जग्गालाई बकस पाउनेको निजी आर्जनको भन्दै बण्डा नलाग्ने ठहऱ्याएबाट अंश मुद्दामा गरेको सो विरोधाभाष पूर्ण निर्णय उल्टी गर्ने गरी पूर्ण इजलास बाट फैसला भएको देखिन्छ भने प्रस्तुत मुद्दामा त्यस्तो तथ्य विद्यमान रहे भएको नदेखिँदा सो मुद्दामा पूर्ण इजलास बाट भएको निर्णय तथा प्रतिपादित कानूनी सिद्धान्त प्रस्तुत मुद्दाको सन्दर्भमा आकर्षित हुने देखिएन ।

# अपेक्षित मस्यौदा

पुनरावेदक पक्षले प्रस्तुत गरेको *नेकाप* २०६०, वैशाख/जेठ, नि.नं ७१६३, पृष्ठ ३४ मा सगोलको सम्पत्ति सगोलकै अंशियारले खिचोला गरेको नमानिने नजीर पूर्ण इजलासले प्रतिपादन गरेको पाइन्छ । यो सिद्धान्त संयुक्त इजलासले एक साथ प्रस्तुत अंश र खिचोला मुद्दामा विरोधाभाषपूर्ण निर्णय गरेको सन्दर्भमा प्रतिपादित भएको हो । एकातिर सगोलको सम्पत्तिमा खिचोला नहुने भन्ने र अर्कातिर सगोलको सम्पत्ति सगोलकै एक अंशियारले अर्को अंशियारलाई बकस पत्र दिएकोलाई निजी आर्जनका रूपमा मान्यता दिएको निर्णयका सन्दर्भमा पुनरावलोकन गरी पूर्ण इजलासले उक्त सिद्धान्त प्रतिपादन गरेको पाइन्छ। नजीर समान तथ्य भएमा लागू हुने हो । प्रस्तुत मुद्दामा माथि विवेचना गरिएबमोजिम बेग्लै तथ्य रहेकोले सो नजीर आकर्षित हुने देखिएन ।

# सर्वेक्षण

## इजलास अधिकृत

**१. यो तालिम तपाईंलाई कस्तो लाग्यो ?**
(क) बेकार ☐ (ख) ठीकै ☐ ३ (ग) उपयोगी ☐ १६

**२. यस्ता तालिम बेला-बेलामा भइरहनु पर्ला कि नपर्ला ?**
(क) हुनु राम्रो ☐ ८ (ख) काम छैन् ☐ (ग) हुनैपर्छ ☐ ११

**३. तालिम अवधि बारेमा तपाईं के भन्नु हुन्छ ?**
(क) अति छोटो भयो ☐ ९ (ख) ठीकै छ ☐ ५ (ग) अलि व्यवस्थित चाहिन्छ ☐ ५

**४. तालिमलाई छानिएका विषय कस्ता लागे ?**
(क) विषय कम भए ☐ १० (ख) ठीकै छन् ☐ ९ (ग) विलकुलै भएनन् ☐

**५. तालिमबाट के सिकियो जस्तो लाग्दछ ?**
(क) शब्दको प्रयोगको महत्व हुँदो रहेछ ☐ १५
(ख) भाषाको प्रयोगबाट निर्णयलाई भाषिक दृष्टिले पनि नजीर बनाउन सकिने रहेछ ☐ ५
(ग) केही सिकिएन, रमाइलो मात्र भयो ☐

**६. यस्ता तालिम कति अवधिको भए राम्रो होला ?**
(क) ३ दिने ☐ ३ (ख) ७ दिने ☐ १० (ग) १ महिने ☐ ६

**७. तालिमलाई अझ बढी राम्रो बनाउन के गर्नुपर्ला ?**
(क) तालिम पछि प्रशिक्षार्थीको परीक्षा लिने ☐ ४
(ख) बढुवा / नियुक्तिमा भाषिक तालिमलाई पनि आधार बनाउने ☐ ६
(ग) यस्ता तालिम कम्तीमा वर्षको एकपटक गर्ने ☐ १२

**८. प्रशिक्षकहरू कस्ता लाग्नु भयो ?** (आन्तरिक प्रयोजनका लागि मात्र)

**(क) श्री गोविन्द घिमिरे**
(क) अति उत्तम ☐ (ख) उत्तम ☐ (ग) ठीकै ☐

**(ख) श्री रामचन्द्र फुयाल**
(क) अति उत्तम ☐ (ख) उत्तम ☐ (ग) ठीकै ☐

**९. प्रशिक्षण पद्धति कस्तो लाग्यो ?**
(क) व्यावहारिक ☐ ८ (ख) औपचारिक ☐ ३ (ग) सुधारका सम्भावना छन् ☐ ७

**१०. यस्ता प्रशिक्षण कुन निकायले दिँदा राम्रो होला ?**
(क) सर्वोच्च अदालत स्वयम् ☐ ६ (ख) राष्ट्रिय न्यायिक प्रतिष्ठान ☐ १०
(ग) भाषा प्रशिक्षण दिने गैरसरकारी निकाय ☐ ३

**११. अन्य केही सुझाउ भए**
यस्ता खालका प्रशिक्षण न्यायाधीशज्यूलाई अझ बढी जरुरी देखिन्छ ।

( एकभन्दा बढी उत्तरमा पनि रेजा लगाउन सकिने ।)

## सर्वेक्षण (सहायक कर्मचारी)

**१. यो तालिम तपाईंलाई कस्तो लाग्यो ?**

(क) बेकार ☐ (ख) ठीकै ☐ ३ (ग) उपयोगी ☐ २८

**२. यस्ता तालिम बेला-बेलामा भइरहनु पर्ला कि नपर्ला ?**

(क) हुनु राम्रो ☐ १२ (ख) काम छैन् ☐ (ग) हुनैपर्छ ☐ २३

**३. तालिम अवधिबारेमा तपाईं के भन्नु हुन्छ ?**

(क) अति छोटो भयो ☐ १४ (ख) ठीकै छ ☐ ७ (ग) अलि व्यवस्थित चाहिन्छ ☐ १३

**४. तालिमलाई छानिएका विषय कस्ता लागे ?**

(क) विषय कम भए ☐ १४ (ख) ठीकै छन् ☐ १९ (ग) विलकुलै भएनन् ☐

**५. तालिमबाट के सिकियो जस्तो लाग्दछ ?**

(क) भाषा शुद्ध लेख्नु पर्दो रहेछ ☐ १८
(ख) अशुद्ध लेखनले अनर्थ हुँदो रहेछ ☐ २४
(ग) केही सिकिएन, रमाइलो मात्र भयो ☐

**६. यस्ता तालिम कति अवधिको भए राम्रो होला ?**

(क) ३ दिने ☐ ४ (ख) ७ दिने ☐ २० (ग) १ महिने ☐ ९

**७. तालिमलाई अझ बढी राम्रो बनाउन के गर्नुपर्ला ?**

(क) तालिमपछि प्रशिक्षार्थीको परीक्षा लिने ☐ ९
(ख) बढुवा / स्तरवृद्धिमा भाषिक तालिमलाई आधार बनाउने ☐ ८
(ग) यस्ता तालिम कम्तीमा वर्षको एक पटक गर्ने ☐ २३

**८. शुद्ध लेख्ने अथवा टाइप गर्ने कर्मचारीलाई प्रोत्साहित गर्न के गर्नु पर्ला ?**

(क) स्तर वृद्धि ☐ २१ (ख) आर्थिक पुरष्कार ☐ ११ (ग) प्रमाण पत्र प्रदान ☐ ६

**९. अन्य केही सुझाउ भए**

..... .... .....

( एकभन्दा बढी उत्तरमा पनि रेजा लगाउन सकिने ।)